संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १५, ● पूर्णाङ्क ३२५, ● अंक १७ ● २०८१ साल जेष्ठ १६-३२ गते (29 May, 14 June, 2024) ● मूल्य रु. १०


# उत्तरी नाका खुले पनि चीन अझै सशंकित



नौ दिनको भ्रमण पुरा गरी २०८० चैत १९ गते नेपाल फर्किनु भएका उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले चीनमा गरेको सहमति अनुसार जेठ १२ गतेदेखि नेपालसँग जोडिएका परम्पारिक १८ वटा चिनियाँ नाका खुल्ला भएको भनिएको तर चीनले अहिले सात वटा मात्र खोल्ने अनुमति दिएको छ । नेपाल-चीनको नाङ्पाला-यलङप, च्याखु-रिगातोङवा, नाक्चेनाङ-ह्याजिमार, बझाङको उराई-विलिङलगायतका नाका अझै खुलेका छैनन् ।

जब कि भ्रमणको क्रममा परराष्ट्र मन्त्री श्रेष्ठले विभिन्न समयमा बन्द रहेका विभिन्न १८ वटै नाका खोल्ने सहमति भएको थियो । चीनसँग सीमा जोडिएका परम्पारिक १८ वटा व्यापारिक नाका नै हुन् । धेरै पहिलादेखि ती नाकाहरुबाट नेपाल-तिब्बत बिच व्यपार व्यवसायी हुन्थ्यो । नेपाली तथा तिब्बतीयनहरु बिना रोकटोक आउजाउ गर्थे, व्यवपार व्यवसाय गर्थे जबदेखि तिब्बत चीनको स्वशासित राज्य बन्यो त्यो बेलादेखि अनावश्यक रुपमा नाकाहरु बन्द गरेर नेपालीलाई दुख दिने काम गरेको गुनासाहरु आइरहेका छन् । उत्तरी भेगका नेपालीका लागि भरपर्दो बजार भनेकै तिब्बतको बजार हुन् । चार वटा देशसँग तिब्बतको अन्तर्राष्ट्रिय सीमा जोडिए पनि नेपालसँग विशेष सम्बन्ध रहेको छ ।

सीम विज्ञ बुद्धिनारायण श्रेष्ठ भन्नुहुन्छ, 'नेपाल-चीन बिच १८ वटा नाका भए पनि धेरैजसो बन्द नै रहन्छन् खुलेका नाकाहरुमा पनि नेपालीहरुले दुख पाइरहेको सामाचारहरु आइरहेका छन् ।' पहिलो कुरा त चीन-नेपाल रहेको सीमा नेपालतर्फ राम्रो छैन । सुविधा सम्पन छैन अर्थात नेपालतर्फका नाका अवस्थित छन् ।

टिपताला नाक नेपालतर्फ व्यवस्थित छैन तर चीनतिर कयर बिड्चुङमा सुविधा सम्पन्न भन्सार कार्यालयहरु छन् । व्यवस्थित कार्यालयहरु छन् तर नेपालतिर टिपतालाभन्दा २४ किलोमिटर तल ओलाङचुमा भन्सार कार्यालयहरु छन् । त्यस्तै, किमाथाङ्कामा पनि नेपाल भन्सार कार्यालयहरु छैन । अन्य पूर्वाधारहरु पनि छैन । दुवैतिर स्थानीय बजार मात्र छन् ।

दोलखाको नेपाल-चीन नाका लाप्ची-राम्डिङमा पनि नेपालको भन्सार कार्यालय तथा अन्य पूर्वाधार छैन तर त्यहाँको स्थानीय बजार पुरै सुचारु छन् । सिन्धुपाल्चोकको तातोपानी-खासा नाका र रसुवाको रसुवागढी-केरुङ व्यवसायिक नाका हुन् । त्यहाँ दुवैतर्फ भन्सार कार्यालयहरु लगायत अन्य सरकारी कार्यालयहरु पनि छन् तर चीन जतिका अत्याधुनिक कार्यालयहरु नेपालमा छैनन् । नेपाल-चीनको लार्के, समागाउँ-रुइला, छेकम्पार-दुइला, कोरला-न्हेचुङ लिजी, मरिम भज्यांङ-मायुङ भज्याङ, यारी हिल्सा-शियरबा, लाप्चे भज्याङ-लाप्चश्या, ठाडोढुगां-भंज्याङ र टिङ्कर भंज्याङ-तोलाङ ताक्लाकोट पनि स्थानीय बजारलाई लिएर मात्र सञ्चालनमा रहेका छन् । यी नाकाहरुबाट त्यति ठूलो व्यपार व्यवसाय हुन सकेको छैन ।

नेपाल-चीनका नाकाहरु निकै डिस्टर्ब हुन्छ । अधिकाँश समय बन्द नै हुन्छ । र यो बन्द हुने समस्या चीनको तर्फबाट हुने गरेको सीमा विज्ञ श्रेष्ठले बताउनुभयो । कोभिडका कारण लामो समयसम्म सीमा नाका बन्द गरिएको थियो भने त्यसअघि विभिन्न सुरक्षा देखाएर बेलाबेलामा बन्द गर्दै आएको थियो । कहिले कोभिडको बाहाना त कहिले भुंइचालोको त कहिले बाढी पहिरो त कहिले के त कहिले के बाहानामा बन्द गरिरहेको हुन्छ त्यसले नेपालीहरु नै बढी दुख पाउने गरेका छन् ।


चीनसँग जोडिएका नेपालका १५ जिल्लालाई प्रत्येक वर्ष एक करोड चिनियाँ युआन अर्थात् साढे १६ करोड रुपियाँ बराबरको खाद्यान्न, निर्माण उपकरण लगायतका सामग्री चीनले सहायता स्वरुप प्रदान गर्दै आएको छ । चीनसँग अहिलेको सम्बन्ध तिब्बतकै कारणले भएको हो । नेपालको सम्बन्ध पहिला तिब्बतसँग भएको थियो त्यसपछि मात्र चीनसँग भएको हो । नेपाल र चीनका नागरिकले एक अर्काको देशमा आउ-जाउ गर्न पासपोर्ट तथा भिसा अनिवार्य छ। तर नेपाल-चीनसँग जोडिएका १५ वटा जिल्लाका ३० किलोमिटर वरपारका जनता एक अर्काको देशमा आउ जाउ गर्न पासपोर्ट तथा भिसाको आवश्यकता पर्दैन ।

एक अर्काको देशमा आउन जाउ गर्न विशेष पासको व्यवस्था गरिएको छ । वीरबहादुर शाह गृहमन्त्री हुँदा चीनसँग खर्क सम्बन्धी एउटा सम्झौता भएको थियो । त्यो सम्झौत अनुसार एक अर्काको देशमा आउन जाउ गर्न कुनै पासपोर्ट वा विशेष पासको आवश्यकता पर्दैन नागरिकता देखाए पनि हुन्छ । तर पछिल्लो समय चीनले तिब्बतलाई देखाएर सीमा नाकामा कडाइ गरेर सो सम्झौताको उल्लङ्घन भइरहेको सीमा विज्ञ श्रेष्ठले बताउनुभयो । नेपाल तथा भारतमा रहेका तिब्बती शरणार्थीलाई लिएर चीन निकै चिन्तित हुन्छ । बेलाबेलामा ती शरणार्थीहरु नेपाल तथा भारतमा आन्दोनलन गरिरहेका हुन्छन् त्यसले चीन खतरा महसुस गर्छ । त्यही कारणले बेलाबेलामा नाका बन्द गरेका हुन्छन् ।

नेपाल-चीन सीमारेखादेखि दुवै सीमावर्ती क्षेत्रको २०/२० किलोमिटर भूभागलाई १९६० मार्च २१ को चीन-नेपाल सीमा

**बाँकी पृष्ठ ४ मा**

## यस भित्र




मधेश प्रदेशमा जसपा नेपालले गरेको कामको लेखजोखा

● लेख, पृष्ठ ४



विचरा फुट्नेहरुलाई पनि थाह छैन कि किन फुटेको हुँ

● अन्तरवार्ता, पृष्ठ ५



पत्रकारिताका लागि घरमा विद्रोह गर्नुभएका अर्कना

● मध्यपृष्ठ, पृष्ठ ६



संकटमा मात्र महन्थलाई सम्झिने उपेन्द्र मधेशमा यसरी एक्लिए

●पृष्ठ १०



नवलपरासी र कैलालीमा आलु उत्पादनमा वृद्धि

● पृष्ठ ११

अभिमत

# सम्पादकीय

## आँपको प्रवर्द्धन खोइ !

फलफूलको राजा आँपलाई भनिन्छ । र त्यो आँपको राजधानी मधेशलाई मान्छ । यसको कुनै आधिकारिकता छैन । तर बोलीचालीमा यसो भन्दै आएको हो । फलफूलको राजा भनिए पनि सबभन्दा बढी अपहेलनामा आँप नै पर्ने गरेको छ । आँपमा राज्यको कुनै लगानी छैन । अरू अरू फलफूलमा राज्यले जति लगानी गरेका छन् त्यति लगानी आँपमा गरेको छैन । तराई मधेशमा रहेका सरकारी अनुसन्धान केन्द्र, कृषि फार्म तथा बागवानीमा आँपका बोट छन् । बागवानीमा रहेका अन्य फलफूलको बोटसँग त्यसको स्याहार सुसार हुने गरेका हुन्छन् । तर आँपकै लागि प्रोप्रली कही अनुसन्धान केन्द्र, बागवानी केन्द्र छैन । तराई मधेशका किसान तथा त्यहाँका समुदायले आँपको खेती स्वतस्फूर्त गरेका छन् । हरेक किसान तथा परिवारले आफ्नो लागि भए पनि खानका लागि दुई चार वटा बोट लगाएका हुन्छन् । कसै कसैले त व्यवसायिक रूपमा नै आँपको खेती गरेका हुन्छन् । त्यसमा राज्यको कुनै लगानी तथा सहयोग हुँदैन । जसरी देशमा मधेश विभेदमा परेका छन् । त्यसरी मधेशमा उत्पादन हुने आँपमा विभेदमा परेका छन् । आँपले नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुर्‍याएको छ । सरकारले अलिकति लगानी गर्दियो भने पक्कै पनि अरू फलफूलको तुलनामा आँपले धेरै सहयोग गर्नसक्छ ।

तर राज्यले त्यसप्रति कुनै ध्यान दिएको छैन । सरकारले स्याउ, सुन्ताला, किवि, ड्रागनफ्रुट, कागती, जुनारलगायतका विभिन्न फलमा सरकारले लगानी गरेको छ । यी फलको नाममा हरहमेशा केही न केही भइरहेका हुन्छन् । तर आँपतिर कुनै ध्यान नै हुँदैन । आँप मात्र होइन, तराई मधेशमा उत्पादन हुने कटहर, सोइजन, अम्बा, मेवा, अनार, अँगुर, बसहर, सरिफा, बयरलगायतका फलमा राज्यले कुनै ध्यान दिएको भेटिदैन ।

सरकारले बजेट र नीति तथा कार्यक्रम ल्याउँदा स्याउ, सुन्ताला, किवि, ड्रागनफ्रुट, कागती, जुनारलगायतको फलको बारेमा केही न केही कुराको एड्रेस गरेको हुन्छ । तर आँप, कटहर, बरहर, सोइजन, अम्बा, मेवा, सरिफा, अनारको बारेमा एउटा सम्बोधन कहि कतै हुँदैन । तैपनि वर्षेनी अर्थतन्त्रमा सहयोग पुग्ने गरी उत्पादन दिइरहेका हुन्छन् । देशकै जनताको मुख्य गुलियो बनाएको हुन्छ । आँपको सिजन सुरू भइसकेको छ । अहिले यतिखेर हिमालदेखि पहाडसम्म आँपकै चर्चा छ । बिना लगानी मधेशले आँप उत्पादन गरेर राज्यलाई दिइरहेको छ ।

सबैभन्दा बढी आँप उत्पादन मधेश प्रदेशमा हुन्छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक अनुसार देशभर ४२ हजार १९६ हेक्टरमा आँप खेती हुन्छ । जसबाट चार लाख ५३ हजार ४१६ मेट्रिक टन उत्पादन हुन्छ । त्यसमध्ये ७५ प्रतिशत आँप मधेश प्रदेशमा उत्पदान हुन्छ । मधेशमा ३० हजार ८९ हेक्टरमा साढे तीन लाख मेट्रिक टन आँप फल्छ । कृषि मन्त्रालयको तथ्यांक अनुसार मधेश प्रदेशका आठ वटै जिल्लामध्ये सबभन्दा बढी उत्पादन सप्तरीमा हुन्छ । त्यहाँ मात्र एक लाख १० हजार मेट्रिक टनको हाराहारीमा उत्पादन हुन्छ । आँपलाई संघीय सरकारले मात्र होइन, प्रदेश सरकारले पनि हेला गरेको छ । ल ठिक छ मधेशमा उत्पादन आँपलाई संघले हेला गर्‍यो तर अहिले त मधेशमा मधेश सरकार पनि छ । त्यहाँ कृषि मन्त्रालय पनि छ । तर त्यो मन्त्रालयले पनि आँपको लागि केही गरेको छैन । त्यसको प्रचार प्रसार तथा बजारका लागि मेला, प्रदर्शनी गर्दा पनि हुन्छ । त्यो पनि गरेको हुँदैन । हालै सरकारले सुन्तालालाई राष्ट्रिय फलको रूपमा घोषणा गर्‍यो तर आँपको बारेमा चर्चा पनि भएन । त्यसको लागि कसैले पहल पनि गरेन ।

काठमाडौँमा बेलामा बेलामा प्रदर्शनी भइरहेका हुन्छन् । माछाको प्रदर्शनी, जुनार, सुन्तालाको प्रदर्शनी, च्याउको प्रदर्शनी यहाँसम्मको महको पनि प्रदर्शनी हुन्छ तर फलफूलको राजा भनिने आँपको बारेमा कुनै सोधखोज पनि हुँदैन । देशका लागि एकदमै सम्भावना भएको फल नै आँप हो । कम लगानीमा धेरै उत्पादन दिने फल हो आँप । यसको बारेमा थप अनुसन्धान आवश्यक छ । यसको बजारीकरण तथा किसानलाई आकर्षित गर्नका लागि सरकारले विभिन्न कार्यक्रमहरू ल्याउनु आवश्यक छ । नेपालमा उत्पादन हुने आँपलाई अन्तराष्ट्रिय बजारसम्म पुर्‍याउने काम कृषि मन्त्रालयले गर्नुपर्छ । आँपलाई फलको राजा भनेपनि एउटा प्रदेशमा त्यसलाई सिमित गरिदएको छ । राष्ट्रिय फलको रूपमा पनि दर्जा लिन सकेन । त्यसैले राज्यले यसमा विशेष ध्यान दिन जरूरी छ ।

### तथ्यांक आफै बोल्छ

*दश वर्ष र सोभन्दा माथि उमेरका व्यक्तिको साक्षरता*

| जनगणना वर्ष | लेखपढ जानेका | | लेखपढ नजानेका | | साक्षरतादर (५) | |
|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला |
| २००९/११ | २७९,४१८ | २२,७९६ | २,६३९,१३० | ३,०२५,४७८ | ९.५ | ०.७ |
| २०१८ | अप्राप्त | | | | १६.३ | १.८ |
| २०२८ | १,०२३,४५३ | १४७,८६८ | ३,११७,३५१ | ३,९८९,९४८ | २४.७ | ३.७ |
| २०३८ | १,८८२,२९३ | ५९१,९८० | ३,५०५,३२१ | ४,५३८,२९४ | ३४.९ | ११.५ |
| २०४८ | ३,४६५,१८० | १,४८५,६६५ | २,९१८,१८८ | ५,०१८,९४१ | ५४.३ | २२.८ |
| २०५८ | ५,५११,७०७ | ३,४७७,६३८ | २,७६४,७५२ | ४,८९८,२२० | ६६.६ | ४१.५ |
| २०६८* | ८,६६६,२८२ | ७,१११,५०४ | २,८५९,६४३ | ५,२६७,५६१ | ७५.२ | ५७.४ |
| २०७८* | १,०८,३०,८८६ | ९५,४७,०९४ | २१,२७,४५० | ४२,०९,९४२ | ८३.६ | ६९.४ |

* ५ वर्ष वा सोभन्दा माथिको साक्षरता    स्रोतः नेपालमा जनगणना, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

# पाठक पत्र

saharatimes.com.np@gmail.com




## पोलेर खाए मिसन ८४

गत बैशाख १५ गते भएको उपनिर्वाचनपछि सबै दलको चुरीफुरी बन्द भएको जस्तो छ। इलाम र बझाङको चुनावले सबैको मिसन ८४ मा साँच्चै ब्रेक लगाई दिएको छ। जसपा नेपाल, जनमत, एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, माओवादी केन्द्र, कँग्रेसलगायत कुनै पनि दल बाँकी थिएन जो मिसन ८४ सुरु गरेका थिएनन्। सबैको मिसन इलाम र बझाङले हावा बनाइ दियो। अहिले त चर्चा गर्न पनि छाडि सक्यो। खासगरि आफूलाई नयाँ तथा नयाँ शक्ति, वैकल्पिक शक्ति भनाउँदा दलहरुको हालत बहुतै खराब भएको छ। दलहरु टेस्टेड भइसके। इलामको चुनावपछि सत्ताको एक हिस्सा भएका छन् ती दलहरु। सिके राउत पनि साइड लागेका छन्। २०८४ मा हुने चुनावमा मधेश कब्जा गर्ने गरी मिसन ८४ सुरु गर्नुभएको थियो। ती मिसनलाई पोलेर खाइसकेर सत्ताको वरिपरी घुम्न थालेका छन्। कुनै दिन प्रदेश तथा संघको सरकारमा सहभागी हुन्छन् भने कुरामा कसैले आश्चर्य नमाने हुन्छ।

*विजयकुमार साह, काटेश्वर, काठमाडौँ*

## झोले, दलाल र दासहरुको मधेश प्रदेश !

वरिष्ठ पत्रकार सिताराम अग्रहरीको अन्तरवार्ता पढे। उहाँ गोरखापत्रमा सम्पादक भएपछि उहाँलाई चिनेको हुँ। उहाँको बारेमा मधेशमा पनि राम्रो धारणा रहेको छ। मधेशप्रति उहाँ इमान्दार हुनुहुन्छ। क्रान्तकारी हुनुहुन्छ। उहाँको कविता पनि मैले एउटा कार्यक्रममा सुनेको छु। उहाँको कविता पनि क्रान्तकारी नै हुन्छ। त्यस्तो क्रान्तकारी व्यक्ति मधेश प्रदेशमा गएर कसरी फँस्नुभयो। उहाँ मधेश प्रदेश सरकारबाट कसरी पिडित बन्नु भएको छ।

त्यहाँ कसरी अपमान सहनु भएको छ त्यो कुरा उहाँको यो अन्तरवार्ता पढेपछि थाह हुन्छ। मधेश प्रदेशमा स्वभिमानी मान्छेहरु कसरी अपमानित हुन्छ। कसरी पिडित बन्छ त्यसको यो सानो उदाहरण मात्र हो। मधेश प्रदेश स्वभिमानी तथा क्रान्तकारीका लागि होइन भने कुरा एकपटक पुनः पुष्टि भएको छ। त्यो ठाउँ झोले, दास र दलालहरुको हो। जो मन्त्रीको अगाडि पछाडि, मुख्यमन्त्रीको अगाडि पछाडि गर्दै चाकरी गर्छन् त्यो मात्र त्यहाँ टिक्न सक्छन्। त्यहाँ आफ्नो विद्वता होइन, चाकरी र झोलेमा उत्कृष्ट हुनुपर्छ। त्यसपछि त्यो व्यक्ति सबैको प्रिय हुन जान्छ। जुन सम्भावना सिताराम अग्रहरीमा छैन। उहाँ स्वभिमान र क्रान्तकारी व्यक्ति हुनुहुन्छ। र, त्यस्तो व्यक्ति कसैको अगाडि झुक्दैन। बरु मिट्छ।

*बिक्रम देव, सप्तरी, कदमाहा, हाल: भक्तपुर सानो ठिमी*

## सिके राउतका लागि राजनीतिक एक प्रयोगशाला

२०७९ को चुनाव सम्पन्न गर्ने बित्तिकै सबभन्दा पहिले मिसन ८४ को सुरुवात जनमत पार्टीका अध्यक्ष सिके राउतले गर्नुभएको थियो। मिसन ८४ लाई वडा तहसम्म लग्नुभएको थियो। वडा मात्र होइन, बुथसम्म मिसन ८४ लाई लाग्नुभयो। समिति बनाउँदै पालिकासम्म पुग्नु भयो। मिसन ८४ अर्थात आउने २०८४ को चुनावमा जनमत पार्टी सँख्याको हिसाबले मधेश प्रदेशमा बलियो हुनैपर्छ। सँख्याको हिसाबले बलियो नभएसम्म न प्रदेशमा केही गर्न सकिन्छ, न स्थानीय तह न संघमा।

संसदमा गणितको खेल हुन्छ। चुनावमा राम्रो पोजिसन नल्याएसम्म केही पनि गर्न नसकिने भन्दै उहाँले मिसन ८४ को तयारीका लागि पार्टीको सम्पूर्ण शक्ति त्यसैमा लगाउनुभयो। त्यसपछि उहाँले नौलो गणतन्त्रका लागि आन्दोलनको तयारीमा लाग्नुभयो। अखिरमा सिके राउतले गर्न के खोज्नु भएको हो धेरैलाई थाह छैन। राजनीतिमा उहाँले नयाँ नयाँ प्रयोग गरिरहनु भएको थियो। देशबाट मधेश अलग गरेर एउटा छुट्टै देश बनाउने भनि आन्दोलन गर्नुभयो। त्यसपछि मूलधारको राजनीतिमा आउनुभयो।

मूलधारको राजनीतिमा आए पनि त्यहाँ शक्ति पुर्‍याउन नसकेपछि मिसन ८४ सुरु गर्नुभयो। मिसन ८४ पुरा नहुँदै उहाँले नौलो गणतन्त्रका लागि आन्दोलन घोषणा गर्नुभयो। उहाँले राजनीतिलाई प्रयोगशाला बनाउनु भएको छ। जसपमा उहाँ हालसम्म सफल हुन सक्नु भएको छैन।

*जागेश्वर तत्मा दास, सिरहा, औरही-५*

## बेदाग बिरवल

बिरवल यादव जस्ता सफल व्यक्ति यो देशमा थोरै छन्। शिक्षा र समाजप्रति सकारात्मका सोच राख्ने व्यक्ति पनि थोरै छन्। जसले गर्दा यो समाज चलेको छ। यदि बिरवल जस्ता व्यक्तिहरु यो समाजमा नभइ दिएको भए उहिले यसको अस्तित्व समाप्त भइसकेको हुन्थ्यो। यस्तै यस्तै व्यक्तिले समाजलाई दिशा निर्देश गरेका हुन्छन् जसले यो समाज चलेको हुन्छ। बिरवल राजनीति पनि गर्नुभयो। विभिन्न समाजिक कार्य पनि गर्नुभयो। तर उहाँले एक अर्कालाई कहिले प्रभावित पार्नुभएन। उहाँ सक्रिय राजनीति गर्नुभयो। गाउँपालिकाको अध्यक्ष पनि बन्नुभयो। अहिले शिक्षक हुनुहुन्छ। शिक्षाको क्षेत्रमा पनि उहाँ राम्रो गर्नुभएको छ तर आफ्नो राजनीतिलाई शिक्षामा कहिले मिसाउनु भएन। शिक्षामा राजनीतिको गन्ध पनि आउन दिनुभएन। त्यसले गर्दा उहाँ सफल राजनीतिज्ञ मात्र होइन, सफल शिक्षक पनि हुनुहुन्छ। त्यो पनि बेदाग।

*विजय यादव, सिरहा, गोलबजार-९*

# फेसबुक



**राकेश मिश्र**

ए फ्रॉड ......तल सीके लालका निर्भीक शब्दहरु पढ़, मधेशीलाई कमजोर ठान्ने प्रयास न गर। सबै मधेशी तिम्रा ताबेदार जस्तो कायर होइनन्। यो नागरिकताको खेल महंगों पर्छ। "अन्य महत्वाकांक्षी मधेशीहरू जस्तै 'नेपाली बोले नेपाली भइन्छ' भन्ने भाव सायद सिरोहियामा पनि विकसित भएको हुन सक्छ। त्यतिबेला उनलाई के थाहा, कोक्रोबाट नै नेपाली त के नेवाः भाषा सुन्दै हुर्केका वटु र इन्द्रचोकका तीनपुस्ते मारवाडीहरूलाई समेत सत्तासीन समुदायले 'खाँटी नेपाली' मान्दैन।

शाह राजालाई नौ महिना पेटमा राखेकी महारानी कान्तवतीको भूमिकालाई नृजातीय इतिहासकारहरू अद्यापि 'मैथिल विधवा' भनेर नकार्ने गर्छन्। अहिले मेयर बालेन शाहको जयजयकार भएजस्तै कुनै बेला तत्कालीन राष्ट्रपति रामवरण यादवलाई गोपालवंशी वा महिषपालवंशी ठहऱ्याएर नेपाल उपत्यकाको परम्परावाहक बनाउने प्रयत्न नभएको होइन।

मैथिल शिरपोष पहिरिन ढाका टोपी फुकाले आफ्नो इज्जत नै नरहने डरले उनी एउटा कार्यक्रमा टोपीमाथि पाग खप्टिने विकल्प रोजेका थिए। एकताका प्रतिभावान् एवं कोइराला परिवारका प्रियपात्र जयप्रकाश प्रसाद गुप्तामा पनि 'अरू जस्तै नेपाली' भएको भ्रम पलाएको थियो। अरू त अरू, मधेशकै नाममा राजनीति गरेर स्थापित भएका उपेन्द्र यादव मधेशवादको अवधारणालाई तिरष्कार गरेर राष्ट्रिय र समाजवादी बन्ने भरमग्दुर प्रयास गरेका थिए। त्यस्ता सबै देखावटी अभियान वर्चस्वशाली समुदायको प्रयोजन समाप्त भएपछि स्वतः विघटित हुने रहेछ।'

# उपेन्द्र यादव 'इन', सिके राउत 'आउट'

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल र डा.सिके राउत नेतृत्वको जनमत पार्टी बिच जस्तोसुकै दुश्मनी भए पनि २०७९ को चुनावपछि लामो समयसम्म एउटै गठनमा रहे । दुवै पार्टी एउटै गठबन्धनमा भए पनि बाहिर राम्रो सम्बन्ध रहेन । एउटै गठबन्धनमा रहे पनि जनमत पार्टीका अध्यक्ष राउत जनमत पार्टीको विरुद्धमा जहिले पनि उभिनुभयो । उपराष्ट्रपतिको चुनाव होस् या बारा-२ को उपचुनाव होस् जहिले पनि सिके राउत उपेन्द्र यादवको विपक्षमा उभिनुभयो ।

उपराष्ट्रपतिको चुनाव र बारा-२ को उपचुनाव हुँदा उपेन्द्र यादव र सिके राउत दुवै जना काँग्रेस-माओवादी गठबन्धनमा हुनुहुन्थ्यो । तर बाहिर एक अर्काविरुद्ध दुश्मनको जस्तो व्यवहार गर्नुहुन्थ्यो । उपेन्द्र यादव गठबन्धनको निर्णयलाई माने पनि सिके राउतले कहिले मान्नु भएन । यी दुईटै चुनावमा उपेन्द्र यादवको नै जित भयो । तैपनि दुवै जना एउटै गठबन्धनमा रहनु भयो । तर बाहिर ती दुई दलको बिचमा कहिल्यै राम्रो सम्बन्ध भएन ।

मधेश प्रदेशको सरकार लिएर दुवै पार्टीको बिचमा यस्तो मनमुटाव भयो कि दुवै जना एउटै गठबन्धनमा समेत बस्न सक्नु भएन । काँग्रेसबाट अलग भएर प्रधानमन्त्री प्रचण्डले एमालेसँग गठबन्धन बनाउँदा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव प्रचण्डको साथमा जानुभयो । तर सिके राउत काँग्रेससँगै बस्नुभयो । उपेन्द्र यादव प्रचण्डको साथमा मात्र जानु भएन एमाले-माओवादीले बनाएको सरकारमा सहभागी पनि हुनुभयो । यता, सिके राउतले काँग्रेससँग मिलेर एउटा छुट्टै गठबन्धन बनाउनुपर्छ भनि लविङमा लाग्नुभयो ।

त्यसमा रेशम चौधरीको पार्टी नागरिक उन्मुक्ति पार्टी र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रि समाजवादी पार्टी पनि साथ दिए । जब उपेन्द्र यादवको पार्टी विभाजन भयो अनि एमाले-माओवादी गठबन्धन नेतृत्वको सरकार छाडेर काँग्रेस नेतृत्वको गठबन्धनमा जानुभयो, जहाँ पहिलादेखि सिके राउत बसिरहनु भएको थियो । उपेन्द्र यादव त्यहाँ गएपछि सिके राउत त्यहाँबाट निस्किनुभयो । र, एमाले-माओवादी केन्द्रको गठबन्धनसँग नजिक हुनुभयो । गठबन्धन छाडेर जानुभएको उपेन्द्र यादवलाई काउन्टर दिनका लागि सिके राउत जस्तो उपयुक्त व्यक्ति कोही हुन सक्दैन भनि प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीले राउतलाई आफूतिर आकर्षित गर्नुभयो ।

उपेन्द्र यादवलाई काउन्टर दिन यो भन्दा अर्को उपयुक्त गठबन्धन अरु कुनै हुनसक्दैन भन्दै सिके राउत पनि प्रचण्ड र ओलीको नजिक जानुभयो । सत्ता गठबन्धनले अध्यक्ष राउतलाई मधेश प्रदेश सरकारको नेतृत्व दिने आश्वासन दिइसकेको छ । त्यो कारणले पनि सिके राउतले एमाले-माओवादी गठबन्धनसँग नजिक हुनुभयो । माओवादी केन्द्र र एमालेले पनि मधेश प्रदेशमा जनमत पार्टीलाई नेतृत्व दिने लगभग निश्चित गरिसकेको छ । जनमत पार्टीको नेतृत्वमा सरकार गठन गर्ने भनि प्रकृया पनि सुरु गरिसकेको छ । प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिइसकेको छ । जेठ ७ गते प्रधानमन्त्री प्रचण्डले लिनुभएको चौथो पटक विश्वासको मतमा जनमत पार्टीले समेत समर्थन जनाइसकेको छ । विश्वासको मत दिइसकेपछि मधेशमा जनमतलाई सरकारको नेतृत्व दिने लगभग निश्चित भइसकेको स्रोतले दावी गरेको छ । प्रदेश स्तरमा जनमतको नेतृत्वमा सरकार बनाउने भनि सहमति भइसकेको छ, त्यसैले आफूहरुले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिइको जनमत पार्टीका उपाध्यक्ष दीपक साहले बताउनुभयो ।

जसपा नेपालले आफूहरुलाई थुप्रैपटक धोका दिएको कारण त्यो दलसँग सहकार्य हुने सम्भावना देखिदैन, सुध्रिएर आएपछि भविष्यमा के हुन्छ त्यो अहिले भन्न सकिदैन तर हाल त्यो दलसँग कुनै सहकार्य नहुने उपाध्यक्ष साहको भनाइ छ । जसपा नेपाल र जनमत पार्टीबिच मधेश प्रदेश द्वन्द रहेको छ । सप्तरी-२ बाट उपेन्द्र यादवलाई जनमत पार्टीका अध्यक्ष सिके राउतले हराएपछि दुई दल बिचको सम्बन्ध द्वन्दमा परिणत भएको हो ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव बारा-२ मा उपनिर्वाचनमा भाग लिँदा त्यहाँ पनि सिके राउत आक्रमक रुपमा प्रस्तुत हनुभएको थियो । सप्तरीमा मधेश कृषि विश्वविद्यालयको भवन शिल्यानाशको विषयलाई दिएर दुई पार्टीको बिचमा झडप नै भएको थियो । सो झडपका कारण जनमत पार्टी मधेश सरकारबाट बाहिरिएको हो । यी दुई दलको बिचमा यतिका द्वन्द भइरहेको कारण हाल मिल्ने अवस्था देखिएको छैन ।

# राजेन्द्र महतोले गर्दैछन् छुट्टै राज्यसत्ताको अभ्यास !

बहुल राष्ट्रको माग दावी गर्दै आन्दोलनमा रहनु भएका राजेन्द्र महतो संयोजक रहेको राष्ट्रिय मुक्ति क्रान्तिले देशमा आफ्नो छुट्टै राज्य सत्ताको अभ्यास गर्ने भएको छ । बहुल राष्ट्र निर्माणको माग गर्दै आन्दोलन थाल्नु भएको उहाँले राष्ट्रिय मुक्ति क्रान्तिमार्फत विभिन्न राज्यको स्थापना गर्न लाग्नु भएको हो । स्वशासनसहितको आफ्नै विधान घोषणा समेत गर्ने तयारीमा रहनु भएका संयोजक महतोले पहिलो चरणमा असार ४ गते नेवाः राष्ट्रको सत्ता दावी गर्ने कार्यक्रम राख्नु भएको छ ।

राष्ट्रिय मुक्ति क्रान्तिका नेता केशव झाले राष्ट्र निर्माणको दावी नेवाः राज्यबाट सुरु गर्ने र त्यसपछि अन्य राष्ट्रहरुको घोषणा गरिने बताउनुभयो । राष्ट्रिय मुक्ति क्रान्तिसँग जतिवटा परिषद् छन् ती सबैले आआफ्नो सत्ता आफै सञ्चालन गर्नेछन् । त्यसको आफ्नै विधान, आफ्नो सबै संरचना हुनेछ । राष्ट्रिय मुक्ति क्रान्तिले ५० वटा परिषद् बनाउने तयारी गरेको छ । नेवाः राष्ट्रिय परिषद्, चौवाङ राष्ट्रिय परिषद्, मगर राष्ट्रिय परिषद्, लिम्बुवान राष्ट्रिय परिषद्, चेपाङ राष्ट्रिय परिषद् गरी हाल १२ वटा परिषद् गठन गरेको छ । देशमा हरेक समुदायको आआफ्नो राष्ट्रियता र पहिचान छन् । ती पहिचानको आधारमा स्वशासन हुनेपर्ने माग राखिने तयारी महतोको रहेको छ । त्यसको आफ्नै भाषा, आफ्नै सँस्कृति, आफ्नै पहिरनलगायत सबै आफ्नै हुन्छ ।

'अहिले देशमा गणतन्त्र भएपनि एक भाषा, एक नीति नै लादिएको छ । त्यसको हामी विरोध गर्छौ जसको राष्ट्रियता हुन्छ त्यसले नै त्यहाँ शासन गर्नुपर्ने माग हुन्छ, संयोजक महतोले भन्नुभयो, 'असार ४ गतेदेखि त्यसको अभ्यास सुरु हुन्छ, नेवाः राष्ट्रको औपनिवेशिक सत्ता दावी तथा स्वशासन विधान घोषणा कार्यक्रम हुन्छ ।' राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक महतोले जेठ ५ गते पत्रकार सम्मेलन गरेर देशैभर विभिन्न कार्यक्रमको घोषणा गर्नुभएको छ । जेठ ६ गतेदेखि असार ४ गतेसम्म विभिन्न कार्यक्रमको घोषणा उहाँले गर्नुभएको छ ।

जसमध्ये जेठ २१ थरुहट र मगरातको सामुदायिक गुठी विशेष बृहत साँस्कृतिक प्रदर्शनी तथा आमसभा दाङमा आयोजना हुन्छ । त्यस्तै जेठ २६ गते विराटनगरमा कोशी नाम खारेजी तथा राज्य पुर्नसंरचना विरुद्ध वृहत प्रदर्शनी तथा आमासभा, जेठ २९ गते बाग्लुङको बुर्तिवाङमा ढोरपाटन सिकार आरक्षण विरुद्ध बृहत साँस्कृतिक प्रदर्शनी तथा आमासभा हुनेछ भने असार १ गते मधेशी पहाडी बृहत एकता प्रदर्शनी तथा आमसभा सर्लाहीमा गर्ने भएको छ ।

र असार ४ गते काठमाडौँमा नेवाः राष्ट्रको अऔपनिवेशिक सत्ता दावी तथा स्वशासन विधान घोषणा कार्यक्रमको आयोजना गर्न भएको छ । त्यसबाहेक विभिन्न ठाउँमा प्रत्येक दिन अन्तरक्रिया कार्यक्रमदेखि लिएर प्रशिक्षण तथा संवाद कार्यक्रमको आयोजना गरेको छ ।

# अमेरिका जाँदा जाँदै सिके राउतले कसलाई लगाए टिका ?

मधेश प्रदेशमा डा.सिके राउत नेतृत्वको जनमत पार्टीले सरकार बनाउने लगभग निश्चित भइसकेको छ । जनता समाजवादी पार्टी नेपालका मुख्यमन्त्री सरोकुमार यादवले जेठ २३ गते विश्वासको मत लिने घोषणा गरिसक्नु भएको छ । यसरी मिति घोषणा भएपछि मधेश प्रदेशमा दलहरुको बिचमा ध्रुवीकरण बढेको छ । तर उँट कतातिर बस्छ भनि अझै निश्चित छैन ।

सत्ता गठबन्धनले मधेश प्रदेशमा जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने भनि एक महिना अघिदेखि प्रचारमा ल्याएको छ । तर यता काँग्रेस नेतृत्वको विपक्षी गठबन्धन पनि कमजोर देखिको छैन । सत्ता गठबन्धनमा रहेको माधवकुमार नेतृत्वमा नेकपा (एस)ले हालसम्म जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई नै साथ दिएको छ । जसपा नेपाल नेतृत्वको मधेश सरकारमा अझै नेकपा (एस) सहभागी छन् । मन्त्रीहरु सबै यथावत जसपा नेपालको साथ नछाड्ने सो दलका नेताहरुले बताउँदै आउनु भएको छ । तर सत्ता गठबन्धनले माधवकुमार नेपालमाथि लगातार दबाव बढाउदै आएको छ । विपक्षी गठबन्धनमा गए भने जसपा नेपाल जस्तो पार्टी विभाजन गरि दिने धम्की दिइरहेको छ । सो कुरामा अध्यक्ष माधवकुमार नेपालले सार्वजनिक रुपमै स्विकार गर्नुभएको छ ।

तर मधेश प्रदेशमा एमाले-माओवादी गठबन्धनकै सरकार बन्नेमा सो गठबन्धनमा आवद्ध दलका नेताहरु ढुक्क रहेको बताइएकोछ । माओवादी केन्द्रका मधेश प्रदेशका संसदीय दलका नेता भरत साहले जनमत पार्टीको नेतृत्वमा मधेश प्रदेशमा सरकार बन्छ र त्यसको बारेमा सत्ता गठबन्धनले निर्णय पनि गरिसकेको छ । उहाँले भन्नुभयो, 'मधेश प्रदेशमा हाम्रो गठबन्धनको सरकार बन्छ त्यसमा हामी ढुक्क छौं, लोसपाको बारेमा भन्न सकिदैन तर माधवकुमार नेपालको पार्टीले हामीलाई साथ दिन्छ भन्नेमा म विश्वस्त छु ।'

लोसपाले जसपा नेपाललाई साथ दिएपनि जसपा, काँग्रेस र लोसपाले सरकार बनाउन सक्दैन । तर माधवकुमारको पार्टीले एमाले-माओवादी गठबन्धनलाई साथ दियो भने सरकार बन्छ । माओवादी-एमाले गठबन्धनको सरकारको नेतृत्व जनमत पार्टीले गर्ने लगभग निश्चित भइसकेको छ तर जनमत पार्टीबाट मुख्यमन्त्री को बन्नेमा अहिले आएर अनिश्चित भएको छ । मधेश सरकार जनमत पार्टीको नेतृत्वमा बन्ने चर्चा सुरु भएसँगै महेश यादव मुख्यमन्त्री बन्ने लगभग निश्चित भएको थियो तर जब जनमत पार्टीका अध्यक्ष सिके राउत अमेरिका उडे त्यो दिनदेखि सतिश सिंहको नाम बाहिर आउन थालेको छ ।

मुख्यमन्त्रीमा महेश यादवको नाम चर्चामा आउँदा सतिश सिंहको नाम दुरदुर कतै थिएन । जब अध्यक्ष राउत अमेरिकाका लागि उडे अनि सतिश सिंहको नाम चर्चामा आएको हो । अहिले महेश यादव र सतिश सिंह दुवै जनाको नाम चर्चामा छ । महेश यादव माओवादी त्यागेर जनमत पार्टीमा प्रवेश गर्नुभएको हो भने सतिश सिंह लोसपाबाट जनमतमा जानु भएको हो । दुवै जना सप्तरीका हुन र दुवै जना प्रत्यक्षबाट प्रदेश सभामा चुनाव जित्नु भएको हो ।

बाँकी पृष्ठ ८ मा

## फरकमत

# गठबन्धनमै एक अर्कालाई सिध्याउने खेल भइरहेको छ



**राजकिशोर यादव**

नेपालको राजनीति गलत बाटोमा गइसकेको छ । अहिलेको वर्तमान सरकारमा एक प्रकारको अनिश्चितता, एक प्रकारको अविश्वास देखिन्छ । सत्ता गठबन्धनमा रहेकै दलहरुले एक अर्का दललाई कसरी खुइल्याउने, कसरी सिध्याउने भनि षड्यन्त्र गरिरहेका छन् । सत्ताको लोभले भनौं वा अन्य कुनै स्वार्थले गठबन्धन बनाए पनि दलहरु एक आपसमा जुडेका छैनन् । बरु एक अर्कालाई कसरी सिध्याउनेमा विभिन्न षड्यन्त्रहरु गरिरहेका छन् । त्यसैपनि यो सरकार तथा गठबन्धन षड्यन्त्रै षड्यन्त्रले बनेको हो, त्यसले गर्दा एक अर्कामाथि शंका उपशंकाका नजरले हेरिरहेका हुन्छन् । चरित्र जस्तो हुन्छ, त्यस्तै व्यवहार पनि हुन्छ ।

जसको उदाहरणमा नेकपा (एकीकृत समाजवादी) लाई लिन सकिन्छ । सो पार्टीका अध्यक्ष माधवकुमार नेपालले आफ्ना पिडा दिनहुँ जस्तो सडकदेखि सदनसम्म खुलेयाम रुपमा राखि रहनु भएको छ । सत्ता गठबन्धनका सबभन्दा ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र सो पार्टीका नेताहरुले जसरी यो वर्तमान सरकारको बारेमा टिप्पणी गरिरहनु भएको त्यसपछि गठबन्धन स्वस्थ्य छैन भने कुरा स्पष्ट हुन्छ । एमालेका अध्यक्ष केपी शर्मा ओली त्यतिकै बोल्ने मान्छे होइन । उहाँले यो सरकारलाई यसो टेको मात्र दिनुभएको छ । अलिकति मौका पाउने बित्तिकै माओवादी केन्द्रलाई छाडेर अर्को गठबन्धन तथा अर्को सरकार बनाउने संकेत उहाँले दिइरहनु भएको छ । यो संकेत सत्ता गठबन्धनमा रहेका दलहरुले पनि थाह पाइसकेका छन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओली तथा त्यसका दलका अन्य नेताहरुको टिप्पणीहरु सुन्दा यो सरकारमा सब ठिकठाक चलिरहेको छ भनि भन्न सकिदैन । केही न केही गडबड चलिरहेको कुरा नेताहरुको बोली र व्यवहारले पनि बुझ्न सकिन्छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले कतिपय कुरा बडो स्पष्टका साथ पनि भन्नुभएको छ । मन नलाग्दा नलाग्दै केही समयका लागि सँगै बसि दिएको जस्तो भान हुन्छ । एक अर्कालाई कसरी सकाउन सकिन्छ भन्ने कोणबाट गतिविधिहरु गठबन्धनमा भइरहेका छन् । यसरी विश्लेषण गर्दा यो सरकारको आयु लामो देख्दिन ।


अर्कोतिर यो सरकारले देश र जनताका लागि केही गर्नसक्छ भने अनुभूती पनि दिलाउन सकेको छैन । जनताले अनुभूती गर्न सकेको छैन । सरकारको नेतृत्व गरेको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नै यो सरकार टिकाउनका लागि जे पनि गर्न सक्छु । उथल पुथल ल्याइ रहन्छु भनि रहनु भएको छ । जुन मनोविज्ञान, जुन मनोवृति उहाँले पालेर उहाँ सरकार चलाई रहनु भएको छ । त्यसले राम्रो संकेत गरेको छैन । यो भन्दा देश र जनताका लागि दुर्भाग्य अरु केही हुन सक्दैन ।

देशका प्रधानमन्त्रीले नै दल फुटाउनका लागि राज्यका संयन्त्रणलाई प्रयोग गर्ने र हाकाहाकी सत्ता जोगाउनका लागि मैले यस्तो गरे भन्नुले नै के संकेत गर्छ भने देशमा कतिखेर के हुन्छ त्यतिकै भन्न सकिदैन । दल विभाजन किमार्थ राम्रो होइन । केही मतभिन्नता वा असन्तुष्टि छन् भने आपसमा बसेर त्यसलाई सल्ट्याउन सकिन्छ । यो 'मल्टीपार्टी सिस्टम' मा दलहरु विभाजन भएर कमजोर हुनु राम्रो होइन । पार्टीभित्र अन्तरसंघर्ष हुन्छ, फरकमतहरु हुन्छन् त्यसलाई नेतृत्वले सम्मान गर्नुपर्छ र व्यवस्थापन पनि गर्नुपर्छ ।

जब मान्छेलाई पदको, पैसाको आशक्ति हुन्छ, त्यसपछि उ आफ्ना कर्तव्य र दायित्वहरु बिर्सिन्छ । त्यसले अन्ततः देशलाई राम्रो ठाउँमा पुर्‍याउन सक्दैन । त्यस्ता गतिविधिहरुले संघीय लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउँछ । यसका लागि विपक्षी मोर्चा पनि बलियै हुनुपर्छ ।

देशमा देखिएको निराशा, संकटलाई पार लगाउनका लागि हामीले प्रयास गरिरहेका छौं ।

बाँकी पृष्ठ १२ मा



■ जेपी गुप्ता

# मधेश प्रदेशमा जसपा नेपालले गरेको कामको लेखजोखा

मधेश नेपालको हो, सबैले सोच्नु पर्दछ तर यसको जवाफ उपेन्द्र यादवले दिनु पर्छ। मधेश प्रदेशमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवको दलले अबिच्छिन्न् रूपमा सात वर्ष भन्दा बढी शासन गर्यो। वास्तवमा यो "डबल इन्जिन" को सरकार नै थियो। मधेशमा जसपाको सरकार थियो, र केन्द्रमा केही समयको अपवाद बाहेक उपेन्द्र यादव सदैव उप प्रधानमन्त्री नै हुनुहुन्थ्यो।

हुनत् यस अवधिमा प्रदेश सरकारले नीतिगत एवं कानुनी प्रकारका केही उल्लेखनीय कामहरू गरेको पनि हुनुपर्छ। आशा गरौं, जसपाले वा त्यस सरकारमा रहेकोहरूले त्यसको जानकारी गराउनेछ। मधेशको प्रादेशिक सरकारको मूल्यांकन गर्दा जसपा मात्र लक्षित हुदैन। प्रायसः मधेश केन्द्रित सबै दलहरू अघि पछि गरी सरकारमा रहेका छन्। उपेन्द्रको पार्टी आज पर्यन्त अनवरत सरकारमा रहे, जबकि महन्थ ठाकुर-राजेन्द्र महत्तोको दल, जनमत पार्टी, नेपाली काँग्रेस, एमाले, मधव नेपालको समुह, माओवादी आदि सबै दलहरू कमबेसी सरकारमा रहेकै छन्।

अब पनि तिनै रहने भएकोले लाभहानीका बराबरका हिस्सेदार हुन् तिनीहरू। जसपालाई मात्रै दोष दिन सकिन्न्। मधेशका जनता, नागरिक समाज र प्रेस गुण तथा दोषको आधारमा दलका नेताहरू एवं सरकारको मूल्यांकन गर्दैन। अपितु जातियता, सामाजिक सम्बन्ध तथा लाभालाभका विषयहरू मूल्यांकनका आधार हुन्छ। राजविराज, जनकपुर र वीरगञ्जका पत्रकारहरू तथा नागरिक अगुवाहरूका सामाजिक सञ्जाल वा सञ्चार माध्यममा भुमिका देख्दा नै यो कुरो स्पष्ट हुन जान्छ। तथ्य, तथ्यांक एवं काम र दायित्वको आधारमा मूल्यांकन गर्ने चलन छैन मधेशमा। म यहाँ केही सरकारी तथ्याङ्कहरू राखेर जसपाले मधेशका जनताको जीवनस्तरमा के कति परिवर्तन गर्न सकेको छ ?  त्यसको संक्षिप्त लेखाजोखा गर्न चाहेको हुँ।

**मधेशको लेखाजोखा**

मधेश सरकारबाट जसपा बहिरिनु सँगसंगै संघीय सरकारको बार्षिक बजेट आयो। यस क्रममा बजेट बारेको एक समाचार बडो चर्चामा रह्यो। समाचारको सार थियो-"सदैव व्यस्त रहेको मधेश सरकार, जसले उचित तरिकाले बजेट पनि माग गर्न नसक्दा यस आ.ब.मा संघीय बजेटबाट मधेश प्रदेशले पाउनु पर्ने अनुदान बजेट पाएन।" यसको साथै बजेट सम्बन्धि एउटा तालिका सार्वजनिक भयो। यसमा देशका बटै प्रदेशले केन्द्र सरकारबाट पाउने बिशेष र समपुरक अनुदानको विनियोजित रकमको उल्लेख थियो। घोर आश्चर्य, यसमा मधेश प्रदेशको बिनियोजन शुन्य थियो। यो असामान्य कुरो हो। अपवादको रूपमा पनि यसो हुन नहुने हो, तर भयो।

यस सम्बन्धमा राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक शिवरञ्जन पौड्यालले भनेका छन्-मधेस प्रदेशबाट "नयाँ र क्रमागत दुवै खालका योजनाका लागि बजेट माग गरी प्रस्ताव आएन। अन्तिम दिनसम्म पनि योजना आयोगले प्रस्ताव हाल्न भनिरहेको थियो। तर मधेश प्रदेशले कुनै प्रस्ताव पठाएन।

यसरी नै मधेश प्रदेश सरकारका प्रदेश नीति तथा योजना आयोगका बहालवाला उपाध्यक्ष नाथुप्रसाद चौधरी भन्नुहुन्छ, 'समपूरक र विशेष अनुदान लिनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रक्रिया नै अगाडि बढाएन। योजना र कार्यक्रम स्वीकृत गरेर अनुदान मागसहितको प्रस्ताव पठाउने काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हो।' उपेन्द्र यादवको मधेश प्रदेश सरकारको नालायकी यसबाट छर्लङ्ग हुन्छ। यस चालु आर्थिक वर्षको तथ्यांक अनुसार मुलुकको सात वटै प्रदेशको तुलनामा मधेस प्रदेशको प्रति व्यक्ति जिडीपी सातौं स्थानमा, अर्थात सबै भन्दा पुछारमा झरेको छ। मधेस प्रदेशको कूल गार्हस्थ उत्पादन बृद्धि दर जम्मा ४.८२ प्रतिशत रहेको छ। बाँकी कर्णालीको ५.४७ प्रतिशत र सुदूरपश्चिमको ४.९२ प्रतिशत पनि मधेश भन्दा बढी नै छ।

केन्द्रीय तथ्यांक विभागको 'नेपाल जीवनस्तर सर्वेक्षण २०७९-८०' अनुसार ७ वटै प्रदेशमा सबै भन्दा बढी गरिबको जनसंख्या मधेशमा २५.०८ प्रतिशत रहेका छन्। सबैभन्दा कम गण्डकीमा ४.८८ प्रतिशत रहेको छ। नेपालको अद्यावधिक जनगणना अनुसार मुलुकको आर्थिक रूपमा निष्क्रिय जनसंख्या ३७.५ प्रतिशतमध्ये सबैभन्दा बढी मधेश प्रदेशमा ४६.५ प्रतिशत छ। श्रमशक्ति सर्वेक्षण २०७४-७५ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशतमध्ये सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बागमतीमा ७ प्रतिशत देखिन्छन्।

सातै प्रदेशको तुलनामा मधेस प्रदेशका एउटा पनि जिल्ला हालसम्म पूर्ण साक्षर हुन सकेको छैन। अन्य प्रदेशहरूका ६० वटा जिल्ला गत असार, २०७९ सम्ममा पूर्ण साक्षर घोषित भइसकेका छन्। आ.ब.२०७८-०७९ र गत आ.ब. ०७९-०८० को अवधिमा सबभन्दा कम विकास खर्च मधेश प्रदेशकै छ। यहाँको सरकारले विकासका लागि छुट्ट्याईएको रकम पनि खर्च गर्न सकेको छैन। यो असक्षमताको पराकाष्ठा हो। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिको साक्षरता दर ५०.१ प्रतिशत रहेको छ। कर्णाली प्रदेशमा अन्य प्रदेशभन्दा साक्षरता दर बढी (५३.२ प्रतिशत) देखिएको छ भने मधेश प्रदेशमा सबैभन्दा कम (४२.२ प्रतिशत) रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि संघीय सरकारले मुलुक भरबाट वेरोजगार युवालाई दर्ता निम्ति आह्वान गर्यो। कूल ८,८५,१५४ बेरोजगार युवाले नाम दर्ता गराए।

यसमा खर्च गर्नका लागि सरकारले कूल ५९४ करोड ७० लाख बिनियोजन गरेकोमा मधेश प्रदेशको १,०७० प्रस्तावमा जम्मा ९ करोड ३० लाख ६० हजार रुपियाँ मात्र खर्च भयो। जबकि सबै भन्दा बढी कोशी प्रदेशको १७१० रोजगारी प्रस्तावमा २३ करोड ५० लाख रुपियाँ खर्च भयो। मधेश प्रदेशको भन्दा बढी खर्च बरू सर्वाधिक दुर्गम कर्णाली प्रदेशले गरेको तथ्यांक छ। 'विश्व तथ्यांक' स्टाट्स फिडका अनुसार संसार भरमै सर्वाधिक सार्वजनिक बिदा दिईने देश नेपाल हो। जब कि नेपालका ७ बटै प्रदेशहरूमा सबै भन्दा बढी सार्वजनिक बिदा मधेस प्रदेशमा दिईन्छ। तथ्यांकको यस्तो क्रम धेरै लामो छ। मैले यहाँ संक्षिप्त रूपमा राखेको छु।

मैले फगत आलोचनाका लागि यी सब कुराहरू भनेको होईन। सरकारको आधिकारिक तथ्यांकहरूले भन्छ कि शिक्षा, स्वास्थ्य, महिला सशक्तिकरण, बाल बिकास, कमजोर समुदायको उत्थान, उद्योग, सिंचाई, रोजगार, सुशासन जस्ता क्षेत्रहरूमा मधेशले कमजोर उपलब्धि हासिल गरेको छ। जनता समाजवादी पार्टी, जसपाले सामाजिक न्यायको नारामा शासन गरेको हो। जबकि पुरै मुलुकका सबै प्रदेशको तुलनामा सर्वाधिक दलित उत्पीडन मधेस प्रदेशमै छ। आफ्नो जीउमा आगो लगाएर तथा अरुले आगो लगाई दिएर सबै भन्दा बढी महिलाको मृत्यु मधेश प्रदेशमै भइरहेको छ। अहिले मिटरब्याजीको बडो ठूलो चर्चा छ। मिटरब्याजी पीडित ऋणीहरूले उद्धारका लागि देशभरबाट दिएको १,७६८ उजुरीमध्ये मधेश प्रदेशबाट सबैभन्दा बढी ९८२ पीडित देखिए। यस तथ्यांकले पनि मधेश प्रदेशको सामाजिक-आर्थिक दुरावस्थाको झलक दिन्छ।

उपेन्द्र यादव र मधेस सरकारका मुख्यमन्त्री लालबाबु राउतले सबै भन्दा बढी प्रचारमा ल्याएका मधेश प्रदेश सरकारको 'बेटी बचाऔं, बेटी पढाऔ' कार्यक्रम अन्तरर्गत साइकल खरिदमा १० करोड ३३ लाख भ्रष्टाचार भएको अख्तियारको निष्कर्ष निकालेर मुख्यमन्त्री कार्यालयका तत्कालीन सचिवसहित उपर मुद्दा चलाउने निर्णय गर्यो। साईकल खरीद बिषयमा अख्तियारले मुख्यमन्त्री कार्यालयमा छापा मार्दा "प्रारम्भिक छानबिनमा मुख्यमंत्री कार्यालयको संलग्नता देखिएको" भनेको थियो। मधेश प्रदेशले किसानको समस्या बुझ्न कार्यदल बनाएको थियो। उपेन्द्र यादवको लालबाबु सरकारले पदस्थापन लगत्तै "खेत खेतमा सिंचाई र हात हातमा रोजगारी" नाराका साथ कृषि कार्यक्रम ल्याएको थियो। तत्कालिन मुख्यमन्त्री लालबाबु राउतको पदावधि सकिएर सरोज यादव मुख्यमन्त्री हुनुहुन्छ। उहाँको पनि दिन गिन्ती सुरु भइसकेको छ। सोचौं, कसरी चल्यो होला "खेत खेतमा सिंचाई र हात हातमा रोजगारी" को कार्यक्रम ?

मुलुकका सबै प्रदेशहरूमा सरकार गठन हुने र भत्किने काम भइ नै रहेको छ। मधेशमा यो क्रम कम छ, तसर्थ, यहाँ बढी राजनीतिक स्थिरता छ। यसका बावजूद पनि विकासको रफ्तार एकदमै कमजोर छ। तथ्यांकले यही भन्दछ। यद्यपि, मधेशका नेताहरूले कुनै संज्ञान जाहेर गरेको देखिदैन। यहाँको नागरिक समाज, प्रेस सबै चुपचाप छन्। यस गम्भीर दुरावस्थाका बारेमा। यी सब यथार्थलाई उपेन्द्र यादवले कहिल्यै स्वीकार्न चाहदैनन्।

## उत्तरी नाका खुले पनि...

सम्झौताले सेनारहित क्षेत्र तुल्याएको थियो। १९६४ मे १९ तथा १९६६ मे २ को नेपाल-चीन व्यापार सम्झौतामा 'दुई देश बिचको सीमा रेखाबाट ३०/३० किलोमिटर क्षेत्रभित्र बसोबास गरिरहेका सीमाञ्चलवासी कुनै एक देशको सीमावर्ती जिल्लाका बासिन्दा अर्को देशको सीमावर्ती जिल्लामा जाँदा राहदानी, भिसा वा अन्य प्रमाणपत्र आवश्यक पर्दैन। तर त्यो सम्झौता उल्लंघन भएको थियो।

**नेपालको जिल्ला र सीमा नाकाहरु**

नेपाल-चीन बिच एक हजार ४३९ किलोमिटरको सीमा क्षेत्र रहेको छ। जसमा नेपालका १५ वटा जिल्ला पर्छन् भने चीन (तिब्बत) तर्फबाट रोग डिङगे, चेन्ताङ डिङगे, टिङरी, झ्याङमु न्यालम, ग्यारङ, याग्रा झोङवा, डोङपा, पुराङ गरी आठ वटा काउन्टी रहेका छन्।

ताप्लेजुङको टिपताला-कायर विङचुङ, संखुवासभाको किमाथांका-लेङदुप च्याङ्गा, सोलुखुम्बुको नाङ्पाला-यलङप, दोलखाको लाप्ची-राम्डिङ, सिन्धुपाल्चोकको तातोपानी-खासा नाका रहेका छन्। त्यस्तै, रसुवाको रसुवागढी-केरुङ, गोरखाको लार्के, समागाउँ-रुइला, छेकम्पार-दुइला, मनाङको च्याखु-रिगातोङवा, मुस्ताङको कोरला-न्हेचुङ लिजी, डोल्पाको मरिम भज्यांङ-मायुङ भज्याङ सीमा नाका रहेका छन्।

मुगुको नाक्चेनाङ-ह्याजिमार, हुम्लाको यारी हिल्सा-शियरबा, लाप्चे भज्याङ-लाप्चश्या, बझाङको उराई-विलिङ, ठाडोढुगां-भंज्याङ र दार्चुलाको टिङ्कर भंज्याङ-तोलाङ ताक्लाकोट सीमा नाका रहेका छन्।

सीमा विज्ञ श्रेष्ठले आफ्नो सिमानाको ज्ञान पुस्तकमा लेख्नु भएको छ, 'दार्चुलादेखि ताप्लेजुङसम्म ३२ स्थानमा सीमा समाधान भएको र दुई स्थान दोलखाको लाम्चेगाउँ उत्तरको ५७ नम्बरको सीमा स्तम्भ कुठाउँमा गडिएको र सगरमाथाको उचाइबारे विवाद रहेको छ।'

तर तत्कलिन प्रधानमन्त्री बीपी कोइराला र चिनियाँ प्रधानमन्त्री चाउ-एन-लाइ बिच सहमति भएपछि २०१७ बैशाख १६ गते सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा चिनियाँ प्रधानमन्त्री चाउ-एन-लाईले भन्नुभएको थियो, 'चीनको नक्सामा सगरमाथा चीनतिरै पर्दछ। तर, श्री ५ को सरकारले प्रस्तुत गरेको नक्सामा सगरमाथा चीन-नेपाल सीमानामा पर्दछ। किन्तु, चीनले नेपालको प्रस्तावलाई स्वीकार गरी सगरमाथाको टापुको दक्षिणी भाग नेपाल र उत्तरी भाग चीनको हुनुपर्छ भनेको हो। सगरमाथा दुई देशको मतभेदको विषय नभई दुबै देशलाई जोड्ने एक मैत्री चिन्हमा रहने कुरा नेपालका नेताहरुको छलफलपछि मलाई विश्वास भएको छ। सगरमाथाको कुरा सीमा कमिटीमा जाने छैन।'

चिनियाँ प्रधानमन्त्री चाउ-एन-लाई स्वदेश फर्केपछि २०१७ बैशाख १८ गते आयोजित पत्रकार सम्मेलनमा तत्कालिन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले सगरमाथाको स्वामित्व सम्बन्धमा चिनियाँ प्रधानमन्त्रीसँग भएको समझदारीबारे थप प्रष्ट पार्दै भन्नुभएको थियो, 'पेकिङमा चीनले प्रकाशित गरेको नक्सामा सगरमाथा चीनको इलाकामा पर्दथ्यो। हाल चीनका प्रधानमन्त्रीको नेपाल भ्रमणमा सगरमाथाको सम्बन्धमा हामीले प्रस्तुत गरेको नक्सालाई चीनका प्रधानमन्त्रीले स्वीकार गर्नुभयो। यस प्रकार अब सगरमाथासम्बन्धी मतभेद धेरै नै सानो भएर एक बिन्दुमा रहन गएको छ।'

त्यसपछि राजा महेन्द्रले पनि सो विवाद समाधान गर्न पटक पटक प्रयास गर्नुभएको थियो। तर समाधान भएको थिएन। त्यसपछि बनेका हरेक सरकारको पालामा त्यसलाई समाधान गर्ने प्रयास गरेको थियो तर सम्भव भइरहेको थिएन। मित्रराष्ट्र चीनका राष्ट्रपति सी जिनपिङले २०७६ मा गरेको नेपाल भ्रमणको क्रममा सगरमाथाको उचाई संयुक्त रुपमा मापन गरिने घोषणा गर्नुभएको थियो। उचाई मापनको काम मूलतः नेपाली पक्षले नै सम्पन्न गरेको थियो। चिनियाँ पक्षले पनि मापनका लागि सगरमाथाको आरोहण गरी आवस्यक विवरण नेपाली पक्षलाई उपलब्ध गराएको थियो। सगरमाथाको उचाई मापन कार्य सम्पन्न भएपछि २०७७ मंसिर २३ गते नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले काठमाडौं र चीनका परराष्ट्रमन्त्री वाङ यीले बेइजिङबाट भर्चुअल माध्यमबाट संयुक्त रुपमा सगरमाथाको नयाँ उचाई सार्वजनिक गर्नुभयो। त्यसपछि उचाई सम्बन्धी असमझदारी पनि अन्त्य भइसकेको छ। जस अनुसार सगरमाथाको सर्वसम्मत उचाई ८८४८.८६ मिटर (२९०३१.७७ फिट) कायम भएको छ। त्यसबाहेक नेपाल-चीनबिच केही सीमा विवाद पनि रहेको कुरा नेपाली काँग्रेसले गरेको एक अध्ययनले देखाएको छ। यद्यपी सो अध्ययन विवादमा पनि परेको छ। त्यो अध्ययन प्रतिवेदन सार्वजनिक भएपछि परराष्ट्र मन्त्रालयले त्यसको खण्डन गर्दै नेपाल-चीन बिच कुनै सीमा विवाद नरहेको प्रष्ट पारेको थियो।

काँग्रेस पार्टीले २०७७ असोज १४-२४ गतेसम्म गरेको अध्ययन असोज २६ गते सार्वजनिक गरेको थियो। नेपाल र चीनबीचको हुम्लामा रहेको सीमा विषयमा स्थलगत निरीक्षण गर्न गएको संसदीय टोलीको अध्ययन प्रतिवेदन तथा निष्कर्ष- २०७७' मा चीन सरकारले लोलुङजोङमा निर्माण गरेका भौतिक संरचनाहरु नेपाली भूभागभित्र रहेकाले चीनबाट नेपाली भूभाग अतिक्रमण भएको उल्लेख छ।

गप्पुदोचादेखि नेपालले निर्माण गरेको झण्डै २ किमि सडक खण्डलाई चीनले अतिक्रमण गरेको, लाप्चा भन्ज्याङमा निर्माण गरिएको १२ नं सीमास्तम्भको एलाइन्टमेन्ट पुरै परिवर्तन गरी ६ महिनाअघि नयाँ सीमास्तम्भ निर्माण गरेको, लिमीको टाकुल्ले चुचुरोमा रहेको ११, १० नं स्तम्भको अवस्थालाई अध्ययन गर्दा उक्त स्थानमा सीमा अतिक्रमण भएको नदेखिएको, चीनले आफ्नो दशगजा नियम विपरित हिल्सा सीमानामा रहेको ९(२) सीमा स्तम्भको बीच रेखामा तारबार तथा गेट निर्माण गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ।

किट भन्ने स्थानमा रहेका सीमास्तम्भहरु क्रमशः ५(१), ५(२) लाई तारबार गरी आफ्नो क्षेत्रमा राखेको पाइएको छ भने पुरानो ५ (२) नं जंगी स्तम्भलाई उखेली हाल एकलौटी नयाँ निर्माण गरेको प्रतिदनमा उल्लेख गरिएको छ। नयाँ निर्माण गरिएका सीमास्तम्भ र पुराना सीमास्तम्भहरुको बनावट तथा अक्षरका लिपी समेत फरक-फरक रहेको भनिएको छ।

हुम्ला क्षेत्रमा देखिएको सीमा विवादको मुख्य मुद्दा चीनले लोलुङजोङमा इलाकामा बनाएका भवन भएको क्षेत्र नेपाली सीमाभित्र पर्छ कि चिनियाँ सीमाभित्र पर्छ भन्ने हो। नेपाली कांग्रेस र यसका कतिपय नेताहरुले हुम्लामा चिनियाँ पक्षद्वारा सीमा मिचिएको आरोप लगाएपछि काठमाडौंस्थित चिनियाँ राजदूतावासले २०७७ असोजमा दुई पटक यो आरोपको खण्डन गरेको थियो। २०७७ कात्तिक १८ गते बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङले वाइमिङले चीनले आफ्नै भूभागमा भवन निर्माण गरेको र नेपालको हुम्ला जिल्लाको नाम्खा क्षेत्रमा चीनले नेपाली भूभाग मिचेको कुरा अनावश्यक र हल्लामात्रै भएको बताएका थिए।

# विचरा फुट्नेहरुलाई पनि थाह छैन कि किन फुटेको हुँ



**उपेन्द्र यादव**
अध्यक्ष, जनता समाजवादी पार्टी नेपाल

जनता समाजवादी पार्टी नेपाल विभाजन भएको छ। अशोक राइ नेतृत्वको सात जना सांसद अलग भएर जनता समाजवादी पार्टी गठन गरिसकेका छन्। पार्टी मात्र विभाजन भएन, केन्द्र र मधेश प्रदेश सरकारबाट अलग पनि भयो। यही क्रममा पार्टीको एकता महाधिवेशन हुँदैछ। पार्टीको विभाजनको कारण के हो, अब पार्टीले के गर्छ लगायतका विषयमा केन्द्रित रहेर तथा गणतन्त्र दिवसको अवसरमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसँग गरिएको कुराकानीको सम्पादीत अंश

**जनताबाट नै अवाज आउन थालेको छ कि गणतन्त्रको औचित्य समाप्त भयो, तपाई त गणतन्त्रका लागि संघर्ष गरेको मान्छे हुनुहुन्छ। साँच्चै औचित्य सकिएको हो त ?**

लामो संघर्षपछि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो। त्यसमा हजारौंले बलिदानी दिए, लाखौंले जेलनेल भोगे। यत्रो संघर्षबाट आएको गणतन्त्र अझै संस्थागत हुन सकेको छैन। देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आए पनि त्यो अनुसारको संविधान बनेन। यो संविधान जनता त जनतालाई दमन गरेर घोषणा गरिएको संविधान हो। संविधान घोषणा भएको दिन पनि मधेशी युवाले सहादत दिएका थिए। संविधान निर्माणको दिन काठमाडौंमा दीपावली मनाइरहँदा मधेशमा गोली चलिरहेको थियो। त्यसरी बनेको संविधानलाई संघीयतालाई कमजोर बनायो, गणतन्त्रलाई कुरुप बनायो। समावेशीतालाई अपाङ बनाई दियो। निर्वाचन प्रणाली एकदमै महँगो, शासकीय स्वरुप पनि विकृत छ। गणतन्त्र नेतातन्त्र, दलगन्त्र, लुटतन्त्र, नोकरशाही तन्त्रमा जक्रिएको छ।

**त्यही भएर राजतन्त्र नै ठिक भन्न थालेको हो मान्छेले ?**

गणतन्त्रको विकल्प राजतन्त्र हुनै सक्दैन। जसले यस्ता कुरा उठाइरहेका छन् उनले नै गणतन्त्रलाई विकृत बनाइ रहेका छन्। राजतन्त्रको प्रयोग विश्वका धेरै देशमा गरिएको थियो नि तर अधिकाँश ठाउँमा फेल भइसकेका छन्। धेरै जसो देशमा गणतन्त्र नै सफल भएको हो। नेपालमा पनि राजतन्त्रलाई प्रयोगमा ल्याइएको थियो तर यहाँ पनि सफल हुन सकेन। अहिलेको गणतन्त्रलाई जनताका लागि बनाउनका लागि संविधानलाई पुर्नलेखन गर्नुपर्छ। शासकीय स्वरुप, निर्वाचन प्रणाली बदल्नुपर्छ।

**के अहिलेको नेतृत्वबाट यो सम्भव छ त ?**

अहिलेको नेतृत्वले गर्न सकेन भने आउने पुस्ताले गर्छ, आउने नेतृत्वले गर्छ तर संविधान संशोधनको विकल्प छैन। तर अहिलेको यथास्थितिमा देश अगाडि बढ्न सक्दैन। देश प्रतिगमनतर्फ बढिसकेको छ। देश अन्योल, अनिश्चितता र अन्धकारतर्फ जान्छ।

**गणतन्त्रको यो हालत हुनुमा तपाईको पनि केही हात होला नि त कि होइन ?**

हामीले यो गणतन्त्र ल्याउनका लागि मेची महाकालीसम्म लड्यौं। त्यसमा हाम्रा थुप्रै साथीहरुले सहादत दिए। तैपनि संविधान निर्माणको काम भयो। त्यसपछि हामीले यो संविधान काम लाग्दैन, यसलाई संशोधन गर्नुपर्छ, पुनर्लेखन गर्नुपर्छ भनि संदनदेखि सडकसम्म सडकदेखि सरकारसम्म दबाव दिँदै आएका छौं। दलतन्त्र, नेतातन्त्र होइन रियलमा गणतन्त्र हुनुपर्छ भनि सुरुदेखि नै हामी उठाउँदै आएको हौं, के यो हाम्रो गल्ती हो र ?

**गणतन्त्रलाई यो अवस्थामा पुर्‍याउने मुख्य दोषी को त ?**

आफूलाई ठूला दल दावी गर्ने नेताहरु जो देशमाथि लामो समयदेखि शासन गरे। पंचायतमा त्यही दलहरु थिए, बहुदलमा पनि त्यही दल थिए अहिले गणतन्त्रमा पनि त्यही दलको हालीमुहाली छन्। यसरी भन्दाखेरी गणतन्त्रलाई कुरुप बनाउनुमा उहाँहरु दोषी छन्। सिगैं मुलुकलाई अन्धकारतर्फ धकेल्ने प्रयास भइरहेको छ। ती दलहरुले जे कुकर्महरु गरिरहेका छन् त्यसले गर्दा संघीय लोकतन्त्र धरापमा गइरहेका छन्। अहिले भ्रष्टाचार र अनियमिततामा तिनै दलका नेताहरु कार्यकर्ताहरु मुछिएका छन्। कतिपय जेलमा पनि छन्। यसबाट बुझ्न सकिन्छ कि ती दलहरुले देशका लागि के गरेका थिए, के गरिरहेका छन्। भ्रष्टाचार कुराहरु बाहिर आएका छन्, ती सबै त्यही दलका नेताहरु सहभागी भएको देखिन्छ। फेरि संघीय लोकतान्त्रिक गणतन्त्रमाथि प्रश्न उठाउन त्यही दलका नेताहरु अगाडि देखिन्छन्। त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्रमाथि त्यही ठूला दल भनाउँदाहरुबाट रहेको प्रष्ट बुझ्न सकिन्छ। सिगों मुलुक देशलाई अन्धकारतर्फ धकेलिएको छ।

**अब त नौलो गणतन्त्रको कुरा पनि उठ्न थालेको छ यसमा तपाईको के टिप्पणी छ ?**

नौलो गणतन्त्र भन्नेलाई थाह छ कि छैन तर मलाई नौलो गणतन्त्रको बारेमा केही थाह छैन। यो शब्द चयनमा मात्र फरक हो। नौलो गणतन्त्र भन्नुस् या गणतन्त्र भन्नुस् गणतन्त्र भनेको गणतन्त्र नै हो, के नौलो के पुरानो सबै उस्तै हो। गणतन्त्र भनेको जनताको शासन हो, जनताको राज्य हो। जनताको सर्वभौमसत्ता, प्रभुसत्ता जनताको हातमा रहने कुरा हो। एक जमान थियो कि कम्युनिष्टहरुले नौलो जनवाद भन्थे। मैले बुझेको जनवाद भनेको डेमोक्रेसी हो, लोकतन्त्र नै हो त्यो पनि। तर नयाँ जामा लगाई दियो तर त्यो कति खुस्केर हराई सक्यो कसैलाई थाह छैन। एउटै परिभाषा हो गणतन्त्रको त्यो हो गणको राज्य।

**त्यसो भए व्यवस्था बदल्ने कि नेतृत्व बदल्ने ?**

सुधार सबैतिर जरुरी छ। सुरु नेतृत्वको चरित्रबाट गर्नुपर्छ। भिमराव अम्बेडकरले भन्ने गर्नुहुन्थ्यो, संविधान जतिसुकै राम्रो भएपनि त्यसको कार्यान्वयनकर्ता खराब भयो भने त्यो संविधान खराब भन्दा खराब प्रयोग भएर जान्छ।' अलिकति संविधान कमजोर भए पनि त्यसको कार्यान्वयकर्ता राम्रो भए परिणाम राम्रो आउन सक्छ। त्यसैले नेतृत्वकर्तामाथि व्यक्तिगत आचरणले धेरै कुरा निर्भर गर्दछ। जनता पनि जागरुक र चेतनशिल हुनुपर्छ। चुनावको समय कसलाई चयन गर्ने, कसलाई चयन नगर्ने कुराको ध्यान जनताले दिनै पर्छ।

**२०८१ सालको गणतन्त्र दिवस हामी मनाई रहेका छौं, अब भन्नुस् यो गणतन्त्रका आयु कति ?**

म गणतन्त्रप्रति निराशावादी छैन। संघीय गणतन्त्र नेपालको भविष्य हो। यसमा कहिले काही ग्रहण लागेको छ। त्यसलाई पन्छाउदै अगाडि बढ्नुपर्छ। गणतन्त्र नै नेपालको भविष्य हो। यदि गणतन्त्र समाप्त भयो भने देश पुनः अन्धकारको युगमा प्रवेश गर्छ। नागरिक फेरी रैतीमा परिणत हुन्छ। प्रजामा परिणत हुन्छ। तर अहिले गणतन्त्रको प्रयोग जुन किसिमले भइराखेको छ, जुन किसिमको अभ्यास शासक वर्ग तथा नेताहरुबाट भइराखेका छन्, त्यसले जनतामा केही निराशा आएको अवश्य हो। तर आजको युगमा निरकुंशता कसैले स्विकार गर्न सक्दैन।

**यही निराशा र आशाको बिचमा तपाईको पार्टी पनि विभाजन भयो, त्यो कसरी भयो ?**

प्रधानमन्त्री प्रचण्डले आफै भन्नु भएको छ कि मैले पार्टी विभाजन गराई दिएको हुँ। राज्यका सारा शक्ति, स्रोत, साधन सबै परिचालन गरेर अलिअलि सुकेका पातहरु झारी दिनुभयो। अहिले हाम्रो शक्ति यथावत छ। हामीलाई खासै नोक्सान भएको छैन।

**तपाईका धेरै पातहरु झरिसक्यो अब त डाँठ मात्र बाँकी रहने भयो भनिन्छ नि ?**

राज्यले पुरै शक्ति लगाएर हलाएपछि केही पात त झर्ने नै भए नि। अब त्यसमा नयाँ पातहरु पलाउदैछन्, बलियो भएर आउदैछन्। जनतामा जरो गाडेको, जनताको आवाज बोकेको शक्ति अगाडि पछाडी हुनसक्छन् तर समाप्त हुनसक्दैन। मैले त उहाँहरु (प्रचण्ड, केपी शर्मा ओली)लाई सहयोग गरैकै हो। तर उहाँहरु किन आतिनु भयो मलाई थाह छैन। उहाँहरु कुन भ्रममा पर्नुभयो थाह छैन तर म जहाँ थिए, जस्तो थिए त्यस्तै छु।

**शेरबहादुर देउवाको निवासमा माधवकुमार नेपालसहितको बैठकमा तपाई पनि प्रधानमन्त्री बन्ने गरी सम्झौता गर्नुभयो र एमाले-माओवादी गठबन्धन भत्काउने खेलमा लाग्नु भएको कुरा बाहिर आएको छ त्यो के हो ?**

सबै हावीदारी कुरा हो। कोही बौलाएका छन् र हामी जस्ता मान्छेलाई प्रधानमन्त्री बनाउँछन् यहाँ। जे जस्ता कुरा आएका छन् ती सबै भ्रमपूर्ण कुराहरु हुन्। त्यस्तो कुनै प्रकारको न कुरा भएको छ न कुनै योजना बनेको थियो। यो लोकतन्त्रको युग हो। अधिनायकबादको युग समाप्त भइसक्यो। अब कम्युनिष्ट तन्त्र होइन, लोकतन्त्र, साम्यवादी तानाशाही होइन, समाजवादी लोकतन्त्रको युग आइसकेको छ। नेपालका कम्युनिष्टहरु दोहोरो चरित्रका हुन्। लोकतन्त्रवादी हुँ भन्छन्, उता माक्सवादी लेलिनवादी हुँ पनि भन्छन्। माक्सवादीले लोकतन्त्रको कुरा सिकाउदैन। हुकुमी राज्यको कुरा सिकाउँछ। यसले गर्दा देशको लोकतन्त्र कहिले उभो लाग्दैन। आउने युग समाजवादी लोकतन्त्रको युग हो, जनताको युग हो। यसमा कसैले पनि चलाकी गर्न मिल्दैन।

**धेरैको चासोको विषय हो कि जसपा नेपाल किन फुट्यो, तपाईले आज त्यो चासो मेटाइ दिनुस् न ?**

पार्टी विभाजनको एउटा कारण भनेको राजनीति कारण हो। राजनीतिमा के हो भने संघीयता, पहिचान र राष्ट्रिय मुक्तिको जुन सवाल छ, विभेद र असमानताको विरुद्ध जुन हामी लडाइ लड्यौं त्यसको विरुद्धको प्रहार हो। पहिचान र संघीयता विरुद्धको प्रहार हो। अर्को कारण भनेको के हो भने सत्ता नै गुम्ने हो कि भनि राती सपना देखेछन्। हतार हतारमा जसपा नेपाल विभाजन गराएको छ। र केही दिन भ्रममा परेर आफ्नो सत्तालाई टिकाएका छन्। विचारा फुट्नेहरुलाई थाह छैन कि किन फुटेको हुँ। कोही मालदार मन्त्रालय पाएपछि कमाउने लोभमा गए भने कोही धन दौलतको लोभमा गए। अहिलेसम्म पार्टी विभाजन भएको सैद्धान्तिक र राजनीतिक कुनै पनि कारण फेला पारेको छैन।

पार्टी विभाजन हुनु भनेको नेपालको राजनीतिक समस्या हो। माओवादी आफै कतियौ पटक विभाजन भइसक्यो। २००६ मा स्थापना भएको क्युनिष्ट पार्टी कतियौं पटक विभाजन भभइसके त्यसको हिसाब अहिले कसैसँग छैन। काँग्रेस पनि पटक पटक विभाजन भएकै हो। र, कमजोर दलाई फुटाउने काम पनि गरे। त्यही कारणले दलहरु संस्थागत हुन सकेन। र, दलहरु संस्थागत नभएसम्म लोकतन्त्र पनि संस्थागत हुनसक्दैन। हाम्रो देशमा सुनिश्चि रुपमा दल विभाजन गराइन्छ। यो लोकतान्त्रिक संस्कार हो। यसले लोकतन्त्र बलियो हुनसक्दैन।

**अब त फुट्दैन नि तपाईको पार्टी ?**

राजनीतिमा कुन बेला के हुन्छ थाह हुँदैन। जानेहरु गए, बस्नेहरु अझै बसिरहेका छन्। पार्टीमा मान्छे आउने जाने चलिरहन्छ। नेपाली काँग्रेस पनि पटक पटक फुटेको छ। फुटेकाहरु जहिले पनि आफ्नो स्वार्थका अलग भएको इसिहास छ।

# पत्रकारिताका लागि घरम



- उहाँको बुवाले समाचार सुन्नका लागि घरमा एउटा ब्ल्याक एण्ड हवाइट टिभी ल्याउनु भएको थियो। त्यसमा एक जना महिलाले समाचार पढी रहेको अर्कनाले हेर्नुभयो। समाचारमा के भनिरहनु भएका थियो त्यो उहाँलाई थाह थिएन तर यसरी नै आफू पनि समाचार पढ्ने कुरा उहाँको दिमागमा बस्यो
- अर्कना भन्नुहुन्छ, 'टिभीमा समाचार पढ्न, पत्रकार बन्नका लागि पनि पढ्नुपर्छ भन्ने कुराको जानकारी मलाई थिएन, पत्रकारिता पढ्नुपर्छ भन्ने कुरा मलाई कसैले भन्नु पनि भएन। मलाई कसैले भनेको भए म पत्रकारिता नै पढ्थे।' कलैयाको डिभाइन कलेज छाडेर उहाँ काठमाडौं आएर एडभान्स कलेजमा म्यानेजमेन्ट पढ्न थाल्नुभयो
- नभन्दै एकदिन अर्कनालाई खोज्दै काम आफै आयो। प्रियंका पाण्डेले अर्कनालाई फोन गरेर भन्नुभयो, 'उज्यालो नेटवर्कमा रेडियो नाटकका लागि एउटा काम छ तिमी गर्छौ, गर्छौ भने तिमी मलाई आजै भेट।' यो सन् २०१० तिरको कुरा हो

लक्ष्य स्पष्ट भएपछि नतिजाको प्रतिक्षा हुँदैन । लक्ष्य निर्धारण हुन्छ । तर परिणामको आश हुँदैन । परिणाम सकारात्मक होस् या नकारात्मक, त्यसले दिने सन्तुष्टिको पनि बेग्लै आनन्द हुन्छ । अर्कना हुसैन (खातुन)को पनि लक्ष्य त्यस्तै छ । अर्कनाले पनि लक्ष्य लिनुभएको छ तर परिणामको पछि कहिले लाग्नु भएन ।

बारा बसतपुर कलैयामा जन्मिनु भएका अर्कनाको लालन पालन, शिक्षा दीक्षा सबै काठमाडौँमा भएको हो । बुवा महम्मद शानी ठकुराइ काठमाडौमा जागिरे भएको कारण अर्कना पनि काठमाडौँमै बस्नुभयो । उहाँको लक्ष्य नै पत्रकार बन्नु थियो र छ पनि । त्यसबाहेक अरु कुनै लक्ष्य लिनुभएन । उहाँले आफ्नो लक्ष्य प्राप्तिका लागि आफ्नो पथमा हिडि रहनु भएको छ । लक्ष्य प्राप्त हुन्छ कि हुँदैन उहाँलाई थाह छैन, तर लक्ष्य प्राप्तिका लागि निरन्तर हिडिरहनु भएको छ ।

उहाँका आमा बुवाले उहाँलाई पत्रकार होइन, डाक्टर-इन्जिनियर पढाउन चाहनु भएको थियो । त्यही भएर २०६५ मा एसएलसी पास गरेपछि अर्कनालाई प्लस टुमा साइन्स पढ्नका लागि कलैयाका डिभाइन कलेजमा पठाउनु भएको थियो । डिभाइन स्कुलका प्रमुखसँग चिनजान भएका कारण उहाँको बुवाले पढ्नका लागि त्यहाँ पठाउनु भएको थियो ।

अर्कनाले भन्नुभयो, 'बुवाका साथीले यही पठाई दिनु म आफ्नो देखभाल राम्रोसँग पढाई दिन्छु बुवा त्यही गर्नुभयो । मलाई त्यहाँ पठाउनुभयो तर मलाई त्यहाँ पढ्न मन नै लागेन । साइन्सको नाम सुनेपछि मलाई त्यतिकै टाउको दुख्थ्यो ।' पढाइको क्रममा अर्कना धेरै पटक कक्षा कोठामा रुनु भएको थियो किनभने उहाँको लक्ष्य साइन्स पढेर डाक्टर बन्नु थिएन । उहाँलाई जसरी पनि पत्रकार बन्नु थियो तर कसरी त्यो थाह थिएन ।

डिभाइन जाँदा अर्कनाले आफ्नो आमालाई साइन्स पढ्न सक्दिन, पापालाई भन्नुस् त्यहाँ नपठाउनका लागि भनि पटक पटक भन्नुभएको थियो । तर छोरीलाई डाक्टर नै पढाउने भनि साथीको निगरानी साइन्स पढ्नका लागि उहाँको बुवाले डिभाइन पठाउनुभएको थियो ।

'अरुको आमाबुवाले छोराछोरीलाई पढाउनका लागि देश विदेश बाहिर पठाउनु हुन्छ तर मेरो बुवाले मलाई काठमाडौबाट पढ्नका लागि गाउँ पठाउनुभयो त्यसमा पनि मलाई दुख लागेको थियो, अर्कना भन्नुहुन्छ, 'आमालाई यो कुरा मैले पटक पटक भनेको थिए, मेरो हालत हेरेर आमाले भन्नुभएको थियो, छोड दे पढाइ लेखाइ आइजा काठमाडौं ।' त्यसपछि म काठमाडौँ फर्केका थिए ।'

**पत्रकार बन्न सिंहदरवार**

उहाँको बुवाले समाचार सुन्नका लागि घरमा एउटा ब्ल्याक एण्ड हवाइट टिभी ल्याउनु भएको थियो । त्यसमा एक जना महिलाले समाचार पढी रहेको अर्कनाले हेर्नुभयो । समाचारमा के भनिरहनु भएका थियो त्यो उहाँलाई थाह थिएन तर यसरी नै आफू पनि समाचार पढ्ने कुरा उहाँको दिमागमा बस्यो ।

कसरी कसरी पढ्ने, कसलाई भन्ने, त्यहाँसम्म कसरी पुग्ने अर्कनासँग कुनै आइडिया थिएन । सायद त्यतिबेला अर्कना ५-६ कक्षा पढदै हुनुहुन्थ्यो । उहाँलाई कसैले सिंहदरवारमा यसरी न्युज पढ्न पाइन्छ भनेको थियो । त्यसपछि उहाँ सिंहदरवारतिर लाग्नुभयो । कसो कसो उहाँ सिंहदरवार छिर्नुभयो । सिंहदरवारभित्र न्युज पढ्ने ठाउँ दिनभरी खोज्नु भयो ।

कोही उता जा भन्थे, कोही यता जा भन्थे तर दिनभर खोज्दा पनि उहाँले न्युज पढ्ने ठाउँ पाउनु भएन । निराश भएर घर फर्किनुभयो । घर फर्के पनि सवार भएको समाचार पढ्ने भुत झरेको थिएन । जसरी पनि समाचार नै पढ्ने हो भनि उहाँले मनमा ठानि सक्नु भएको थियो तर कसरी त्यसको बारेमा उहाँले केही सोच्नु भएका थिएन ।

सात कक्षासम्म लिटल एन्जलस स्कूलमा पढ्नु भएका अर्कना एसएलसी नाइटिङ्गल स्कूलबाट पास गर्नुभएको हो । एसएलसी पास गरेपछि के पढ्ने कुनै आइडिया थिएन अर्कनासँग । तर आमा-बुवाले छोरी डाक्टर, इन्जिनियरिङ पढोस् भनि थियो । अर्कनालाई पत्रकार बन्नु थियो, टिभीमा समाचार पढ्नु थियो । त्यसका लागि केही पढ्नुपर्छ भनि उहाँसँग कुनै आइडिया थिएन ।



**पत्रकारिताका लागि मोडिलिङ**

अर्कना भन्नुहुन्छ, 'टिभीमा समाचार पढ्न, पत्रकार बन्नका लागि पनि पढ्नुपर्छ भन्ने कुराको जानकारी मलाई थिएन, पत्रकारिता पढ्नुपर्छ भन्ने कुरा मलाई कसैले भन्नु पनि भएन । मलाई कसैले भनेको भए म पत्रकारिता नै पढ्थे ।' कलैयाको डिभाइन कलेज छाडेर उहाँ काठमाडौँ आएर एडभान्स कलेजमा म्यानेजमेन्ट पढ्न थाल्नुभयो । उहाँ भन्नुहुन्छ, 'त्यतिबेला कसैले पत्रकारिता पढनुपर्छ भनि आइडिया दिएको भए म पत्रकारिता नै पढ्थे ।'

म्यानेजमेन्ट पढ्नमा पनि उहाँको ध्यान थिएन । उहाँको मन पत्रकारितामा रुमालिएको थियो । पछि त उहाँको बुवाले तिमीलाई के गर्न मन लाग्छ त्यही गर तर आफै खोजेर गर पनि भन्न थाल्नु भएको थियो । प्लस टु पास गरेपछि उहाँले निस्ट कलेजमा म्यानेजमेन्ट लिएर ब्याचलर पढ्न थाल्नुभयो । उहाँ पढाइको साथै उहाँले आफ्नो बुवालाई काममा सघाउन थाल्नुभयो ।

टिभीमा समाचार पढ्नेहरु सुन्दर हुनुपर्छ भनि थाह पाएर अर्कनाले आफ्नो सुन्दरतामा ध्यान दिन थाल्नुभयो । राम्री कसरी देखिने त्यतातिर उहाँले बढी ध्यान दिन थाल्नुभयो । फेसनमा उहाँको ध्यान गयो । राम्रो राम्रो लुगा लगाउने, स्टाइलिस भएर हिड्ने गर्न थाल्नुभयो । अर्थात पढाई भन्दा उहाँको ध्यान अन्यत्रतिर बढी गइरहेको थियो ।

भारतबाट एक जना कोरियोग्राफर आएको र उनले मोडिलिङका लागि ट्रेनिङ दिने भनि सुचना कतैबाट अर्कनाले थाह पाउनु भएको थियो । सो सूचनाका आधारमा उहाँ खोज्दै त्यहाँसम्म पुग्नुभयो । फर्म भर्नुभयो । त्यसको आधारमा उहाँको इन्टरभ्यु पनि भयो । पास हुनुभयो । मोडलिङको तालिम लिनका लागि उहाँले आइडमिसन गराउनुभयो । त्यतिबेला आइडमिसनका लागि तीन हजार रुपियाँ लागेको थियो । ह्यात होटलमा २० दिनसम्म तालिम चलेको थियो । त्यो तालिम लिइरहेको बारेमा घरमा कसैलाई थाह थिएन । उहाँले आमा-बुवाबाट लुकेर त्यसको तालिम लिनुभयो ।

तालिमका क्रममा विभिन्न फोटो सुटहरु भएका थिए । त्यसको लुगाहरु अर्कनाले आफै व्यवस्थापन गर्नुभएको थियो । 'मैले त्यतिबेला फोटो सुटका लागि लुगाको व्यवस्थापन कसरी गरे त्यो मलाई नै थाह छ, अर्कनाले भन्नुभयो, 'यी सब थोक मैले टिभीमा समाचार पढ्नका लागि नै गरेका थिए, मोडिलिङ क्षेत्र मेरो सरोकारको विषय थिएन तर राम्रो दिखिनका लागि यो तालिम लिएका थिए ।'

मोडलिङको ट्रेनिङ लिइरहेको कुरा घरमा कसैलाई थाह थिएन । तालिमको बारेमा एउटा समाचार छापियो नागरिक दैनिकमा । त्यसमा मोडलिङका लागि सुट गरिएको फोटो छापिएको थियो । समाचार र फोटोको बारेमा अर्कनालाई पनि थाह थिएन घरमा थाह हुने कुरै भएन । नागरिक दैनिक पत्रिकामा त्यो समाचार डिभाइन कलेजका प्रिन्सिपल पढ्नु भएको थियो । उहाँले तुरुन्तै फोन गरेर अर्कनाको आमालाई जानकारी गराउनु भएको थियो ।

त्यतिबेला अर्कनाको आमा बसरा बेगम कलैयामा नै हुनुहुन्थ्यो । यो कुरा थाह पाएपछि तत्कालै कुनै प्रतिकृया देखाउनु भएन । काठमाडौँ फर्केपछि आमाले अर्कनालाई बेस्सरी गाली गर्नुभयो । 'तिमीले नाम हँसाई दियौं, हाम्रो त नाक नै कटाई दियौं, मुस्लिममा यस्तो गर्ने चलन छैन, तिमीले हाम्रो समुदायको इज्जत पनि फ्याल्यौं जस्ता गाली अर्कनालाई उहाँको आमाले गर्नुभएको थियो ।

त्यो गालीले अर्कनाले मोडलिङको कुरा दिमागबाट नै हटाइ दिनुभयो । मोडलिङतिर जानु भएन तर उहाँको मनबाट

# ा विद्रोह गर्नुभएका अर्कना

पत्रकारिता हटेको थिएन ।

**उज्यालोले दियो उज्यालो**

नभन्दै एकदिन अर्कनालाई खोज्दै काम आफै आयो । प्रियंका पाण्डेले अर्कनालाई फोन गरेर भन्नुभयो, 'उज्यालो नेटवर्कमा रेडियो नाटकका लागि एउटा काम छ तिमी गर्छौ, गर्छौ भने तिमी मलाई आजै भेट ।' यो सन् २०१० तिरको कुरा हो । अर्कना खातुनले उज्यालो नेटर्वकमा काम गर्न थालेपछि उहाँको खुशीको सीमा थिएन । रेडियो नाटकमा उहाँ एउटा पात्र हुनुहुन्थ्यो, जो भोजपुरी भाषाका लागि हुनुहुन्थ्यो ।

उहाँले लिनु भएको लक्ष्यको खुड्किलो भेट्न थालेको जस्तो लागेको थियो । यो रेडियो नाटकमा काम गरेको बारेमा पनि घरमा कसैलाई जानकारी थिएन । किनभने घरका मान्छेलाई यो पत्रकारिता, नाट्क, मोडलिङलगायतका कलाकारिता मन पर्दैन्थ्यो । घरमा ढाँटेर जहिले बाहिर जानु हुन्थ्यो । यो नाटकको रेकर्डिङ जहिले विहान विहान हुन्थ्यो । विहान घरबाट निस्कन अर्कनालाई कम्ती गाह्रो हुँदैन्थ्यो ।

१०-१५ दिनपछि अर्कनाले आफ्नो आमालाई रेडियो नाटकको बारेमा भनेर कन्भिन्स गर्नुभएको थियो । तर यही कुरा आफ्नो बुवालाई भन्न अर्कनालाई हिम्मत भएको थिएन । अर्कना भन्नुहुन्छ, 'बुवा बिहानै उठ्नु हुन्थ्यो बाहिर हिडडुल गर्नुहुन्थ्यो, त्यतिबेला मलाई घरबाट निस्कन निकै गाह्रो हुन्थ्यो त्यसपछि आमाले एउटा जुक्ति निकाल्नुभयो, घरको टिभीमा विहानको समाचार लगाई दिनुहुन्थ्यो अनि बुवा आफै घरभित्र जानुहुन्थ्यो अनि म बाहिर निस्कन्थे ।'

उज्यालोमा काम गर्दा गर्दै अर्कनाले एन्टिना फाण्डेशन र इक्वल एक्सेसको रेडियो, बीबीसी नाटकमा पनि काम पाउनुभयो । यी सबै काम अर्कनाले पत्रकारिताका लागि गरिरहनु भएको थियो । यी कुराको बारेमा घरमा आमा-बुवालाई थाह हुँदैन्थ्यो । तर अर्कनाले आफ्ना दिदीलाई हरेक कुराको जानकारी दिनुहुन्थ्यो । दिदीले सक्दो सहयोग गर्नुहुन्थ्यो ।

रेडियो नाटक गर्दा पनि उहाँलाई चित्त बुझिरहेको थिएन । उहाँले पत्रकारिता गर्न चाहनु भएको थियो । टिभीको स्क्रिनमा समाचार पढ्ने इच्छा पाल्नुभएको थियो । त्यही भएर उहाँलाई नाटकमा चित्त बुझिरहेको थिएन तैपनि यही बाटो भएर पत्रकारितासम्म जान सकिन्छ भनि विश्वास अर्कनालाई थियो ।

**बिना तलबको अनलाईन पत्रकारिता**

रेडियो नाटकमा काम गरिरहदाकै अवस्थामा अर्कनाले मुस्लिम आवाज डट कममा काम गर्न थाल्नुभयो । अफरोजले मुस्लिम समुदायका लागि खोल्नु भएको मुस्लिम आवाज डट कममा अर्कनाले बिना तलब काम गर्न सुरु गर्नुभएको थियो । अर्कना भन्नुहुन्छ, 'यसमा काम गर्न थालेपछि एउटा पहिचान बन्छ नै र पत्रकारिता पनि सिक्न पाउँछु भनेर नै काम गर्न थालेका थिए ।' आफ्नो समुदायको सेवा पनि गर्न पाइन्छ भनि अर्कनाको बुझाई थियो । मुस्लिम आवाजमा समाचार प्रकाशित हुँदा त्यसको चर्चा हुन्थ्यो, धेरैले प्रशंसा गर्थे भन्दै अर्कनाले बाइलाइनको समाचार आउँदा त मान्छेले प्रत्यक्ष चिन्न थाले, कामको प्रशंसा हुन्थ्यो त्यसले झन कामप्रति हौसला बढाउने काम भएको थियो ।

मुस्लिम आवाजमा काम गरेको कुरा पनि घरमा आमाबुवालाई थाह थिएन । धेरैपछि आमाले थाह पाएपछि अर्कनाले आफ्नो बाइलाइनमा छापिएको समाचार देखाउँदै भन्नुभएको थियो, यी हेर्नुस् मेरो नामसहितको समाचार छापिएको छ, धेरैले राम्रो नै भनेका छन् ।' त्यसपछि आमाले अर्कनालाई भन्नुभएको थियो, 'समाचारमा नाम त आइरहेको छ तर पैसा कति आउँछ, केही कमाउने पनि गर ।'

तर अर्कनालाई त्यो कुरासँग मतलब थिएन । अर्कनाले पत्रकारिता गरेकोमा नै खुशी थियो । मुस्लिम अवाजमा काम गरिरहँदा अर्कनाले आफ्नो बुवाको फर्ममा काम गर्न छाड्नु भएको थिएन । त्यहाँबाट अलिअलि पकेट खर्च आउँथ्यो । पकेट खर्चको समस्या अर्कनालाई थिएन । बुवाको फर्मबाट पनि त्यो अनालाइनमा काम गर्नुहुन्थ्यो । तैपनि अर्कनाको बुवाले थाह पाउनु भएको थिएन ।


पछि हुलाकी डट कममा समेत काम गर्न थाल्नुभयो । तर त्यहाँ पनि उहाँलाई तलब दिएको थिएन । तर अर्कनालाई मतलब थिएन । मतलब थियो सिर्फ पत्रकारितासँग । उहाँले लेखेको समाचार प्रकाशित, प्रसारित हुनु र त्यसको तारिफ हुनु नै अर्कनाको कमाई थियो । अकना भन्नुहुन्छ, 'यी दुईटा अनलाईनबाट धेरै कुरा सिक्ने मौका पाए । समाचार कसरी लेखिन्छ, कसरी प्रकाशित हुन्छ, फाइभ डब्लु के हो, सफ्ट न्युज के हो, हार्ड न्युज के हो, फिचर के हो जस्ता धेरै कुरा त्यही अनलाइनबाट सिक्ने मौका पाए । र मलाई सिकाउने मास्टर मास्टरनी हुनुहुन्छ, अफरोज, स्नेहा, प्रियंका, बीपी ।'

रातको १२ वजे पनि स्नेहा र प्रियंकालाई फोन गरेर दिदी यो समाचार कसरी लेख्ने, यसलाई कहाँ राख्ने, यसपछि के लेख्ने जस्ता



कुरा फोनमा सोधेर गर्थे तर उहाँहरुले कहिले झर्को मान्नु भएन, सबै कुरा बताई दिनुहुन्थ्यो र लेख्नका लागि प्रेरित गर्नुहुन्थ्यो, उहाँ भन्नुहुन्छ, 'म आज जे छु प्रियंका र स्नेहाको कारणले छु । जीवनमा उहाँहरुबाट धेरै कुरा सिक्ने मौका पाएर, धेरै सहयोग पाए ।'

मुस्लिम आवाज र हुलाकी डट कममा काम गरिहेकै बेला नेपाल आज डट कममा विज्ञापन निस्केको थियो । अर्कनाले त्यसमा फर्म भर्नुभयो । त्यसमा छनौट पनि हुनुभयो । काम गर्न थाल्नुभयो तर त्यहाँ काम गर्ने स्वतन्त्रता थिएन । हुलाकी र मुस्लिम आवाजमा




जसरी काम गरिरहनु भएको थियो त्यसरी त्यहाँ काम गर्न पाइरहनु भएका थिएन ।

उहाँले भन्नुभयो, 'कुनै न्युज खोजेर ल्याउथे, लेख्थे तर विभिन्न बहाना बनाउँदै त्यसलाई प्रकाशित गर्दैन्थ्यो । कुरा कुरामा विभेदपूर्ण व्यवहार, रुखो वचन हुन्थ्यो, जुनियर पत्रकार हुन् केही सिक्न खोजेका छन् भने सिनियरबाट सहयोग हुनुपर्ने थियो तर त्यस्तो व्यवहार मैले कसैबाट पाउन सकिन ।' अन्तरवार्ता लिन अर्कनलाइ निकै मन पर्थ्यो तर उसले आफूले रोजेको अन्तरवार्ता लिन कहिले पाउनु भएन । एक पटक माओवादीका नेता हालको मधेश प्रदेशका प्रदेश सभा सदस्य रोहवर अन्सारीको अन्तरवार्ता लिए तर नेपाल आजमा प्रकाशित गरि दिएन । कसले पढ्छ यस्ता अन्तरवार्ता भनेर प्रकाशन गर्न इन्कार गरेका थिए । त्यसपछि अर्कनाले त्यहाँ काम गर्न नै छाड्नु भयो । त्यो अन्तरवार्ता उहाँले हुलाकी अनलाईनमा हाल्नुभयो ।

**सगरमाथा चढ्ने हुटहुटी**

नेपाल आज छाडेपछि केही समय उहाँ फुर्सदमा आउनुभयो । सागरमाथ चढ्छु भनि मन बनाउनुभयो । र, त्यसको तयारीमा लाग्नुभयो । त्यो अनुसारको वर्कआउटहरु पनि गर्न थाल्नुभयो । साँझ बिहान हिड्दा झोलामा इटा बोकेर हिड्नु हुन्थ्यो । सागरमाथा चढ्ने तयारी गरिरहँदा उहाँले घरमा कसैलाई जानकारी दिनुभएन । उहाँलाई लागेको थियो कि जुन घरले पत्रकारिता गर्न इजाजत दिँदैन त्यो घरले सागरमाथा चढ्न कसरी इजाजत देला, त्यही भएर घरमा दिदीबाहेक अरु कसैलाई जानकारी नदिइकन त्यसको तयारीमा उहाँ लाग्नुभएको थियो ।

तर सगरमाथा चढ्ने केटाकेटीका खेल होइन, त्यसका लागि हिम्मत र मेहनतका साथै पैसा पनि चाहिन्छ । त्यसमध्ये अर्कनासँग पैसा थिएन । हिम्मत र मेहनतको कमी उहाँसँग थिएन । दिदी र साथीभाइसँग पैँचो सापटी लिएर हिमाल चढ्न चाहिने सामाग्रीको जाहो गर्नुभयो । उहाँले करिब ८० हजार रुपियाँ बराबरको समान नै खरिद गर्नुभएको थियो । सबै तयारी पुरा भएपछि मात्र उहाँले आमाबुवालाई भन्नुभयो । तर कोही तयार भएन । चढ्नु पर्दैन यस्ता हिमाल, सिमाल भन्दै आमाबुवाले अर्कनालाई रोक्नुभयो तर उहाँले मान्नु भएन ।

आमा बुवालाई कन्भिन्स गरेर उहाँ हिमालको बेस क्याम्पसम्म जान तयार हुनुभयो । बुवाले त अर्कनासँग कुरा गर्न छाड्नु भएको थियो । तर आमाले अर्कनालाई हिमाल चढ्न नजान पटक पटक भन्नुभएको थियो । तैपनि अर्कना घरबाट निस्कनु भएको थियो । निस्केको दिन अर्कनाको आमाले निकै रुनु भएको थियो तैपनि उहाँ रुक्नु भएन । उहाँलाई सगरमाथा जो चढ्नु थियो ।

एयरपोर्टमा जाँदा मौसमका कारण त्यो दिनको प्लेन उडेन । उहाँले त्यहींबाट चिन्तित भावमा आमालाई फोन गर्नुभयो, 'आमा प्लेन नै उडेन के गरौं ।' जे भयो राम्रैका लागि भयो, छोरी तिमी फर्कि आउ जानु पर्दै हिमाल चढ्न आमाले भन्नुभएको थियो । त्यसपछि अर्कना निराश भएर घर फर्किनुभयो । घर फर्केपछि आमाले खुशीले अर्कनालाई अँगालोमा लिनुभयो । आमाले यसरी अँगालोमा लिएकोमा एकातिर अर्कनालाई खुशी थियो भने अर्कोतिर सगरमाथा चढ्न नपाएकोमा दुखी हुनुहुन्थ्यो ।

धेरै दिनसम्म पिडाबोध भएर नै बस्नुभयो । यतिका खर्च गरेर पनि हिमाल जान पाइनन् भनि पिडा थियो अर्कनालाई । तर आफूलाई सम्हाल्नका लागि उहाँले मोटिभिसनल स्पीचहरु सुन्न थाल्नुभयो । त्यही क्रममा उहाँले सगरमाथा जान नपाए पनि कम से कम अन्नपूर्ण बेस क्याम्पसम्म त जानुपर्छ भनि त्यसको तयारीमा लाग्नुभयो ।

हेफर नेपालमार्फत उहाँ अन्नपूर्ण बेस क्याम्पसम्म जान तयार हुनुभयो । त्यहाँ जानका लागि पनि उहाँका आमाबुवाले मान्नु भएको थिएन । तर अर्कनाले कन्भिन्स गर्नुभयो र अन्नपूर्ण बेसक्याम्पका लागि जान तयार हुनुभयो । उहाँ त्यो क्याम्पसम्म पुग्नु पनि भयो ।

**बाँकी पृष्ठ १२ मा**

समाचार

# भदौंमा होला माओवादीको मधेशमा भेला ?

पटक-पटक स्थगित हुँदै आएको माओवादी केन्द्रको मधेश प्रदेशको भेला भदौंमा गर्ने निर्णय भएको छ । त्यसको तयारी तीब्र पारिएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको विशेष निर्देशनमा मधेश प्रदेशमा पुनः तीन महिने अभियान सुरु गरेको छ । मधेश प्रदेशमा रहेका केन्द्रीय सदस्यहरुका लागि कार्यविभाजन गराइ हरेक चुनावी क्षेत्रमा खटाएको छ । सकभर जो जुन चुनावी क्षेत्रका केन्द्रीय सदस्य हुनुहुन्छ, उहाँलाई सोही क्षेत्रमा खटाइएको छ, यदि क्षेत्रमा दोहोरो भएको छ भने मात्र अरु क्षेत्रमा खटाइने मधेश प्रदेशका सहइन्चार्ज विश्वनाथ साहले बताउनुभयो । यी सबै काम भदौंमा मधेश प्रदेशको सम्मेलन गर्ने गरी कार्यक्रम अगाडि



बढेको छ । यसैमा सबै नेता एकजुट भएर लाग्नु भएको बताइएको छ । लगभग आठ वटै जिल्लामा कार्यक्रमहरु सम्पन्न भइसकेको छ । माअेवादीका केन्द्रीय सदस्य रामेश्वर राय यादवले भन्नुभयो, 'मधेश प्रदेशमा रहेका केन्द्रीय सदस्यहरुलाई क्षेत्रमा खटाएको छ । क्षेत्रमा रहेको पालिका तथा वडाको सम्मेलन गरी समिति बनाउने र कार्यविभाजन गर्ने काम भइरहेको छ ।' मधेश प्रदेशमा यो खालको गतिशिलता पहिलो पटक देखिएको हो, सबै नेताहरु आआफ्नो क्षेत्रमा खटिएका छन्, समितिहरु बताउँदै कार्यविभाजन गरेर कामहरु गरिरहेको उहाँले बताउनुभयो । पार्टीका कार्यक्रम गर्नुको साथै मधेश प्रदेशमा देखिएको विवाद समाधानका लागि पनि कामहरु भइरहेको छ । केही जिल्लाहरुमा पार्टीका आन्तरिक विवादहरु छन् त्यसलाई कसरी समाधान गर्ने त्यसका लागि पनि छलफलहरु भइरहेको बताउँदै सहइन्चार्ज विश्वनाथ साहले हालसम्म विवाद जहाँको त्यही छ तर प्रयास जारी रहेको बताउनुभयो । मधेश प्रदेशका धनुषा, सिरहा र सप्तरीमा सबभन्दा बढी विवाद देखिएको छ । त्यहाँ नेताहरुको बिचमा गुटबन्दीदेखि लिएर अन्य समस्याहरु देखिन्छ । ती जिल्लामा समिति बनाउनमा पनि समस्या देखिएको स्रोतले जनाएको छ ।

सम्मेलनको तयारीका लागि महोत्तरीमा बैशाख २६ गते बसेको बैठक असन्तुष्ट रहेका केही केन्द्रीय सदस्यहरु बहिष्कार गर्नुभएको थियो । मधेश प्रदेश इन्चार्ज लिलामणि पोखरेलले कार्यविभाजनमा एकलौटी गरेको आरोप लगाउँदै ती केन्द्रीय सदस्यहरुले बैठक बहिष्कार गर्नुभएको हो । महासचिव देव गुरुङको प्रमुख आतिथ्य तथा इन्चार्ज पोखरेलको अध्यक्षतामा प्रदेश सम्मेलन तयारीका लागि बैठक बसेको थियो । केन्द्रीय सदस्य जगत यादवका अनुसार आधाभन्दा बढी केन्द्रीय सदस्य बैठकमा नगएर बहिष्कार गरेको बताउनुभयो । मधेशमा जसलाई जिम्मेवारी दिएर पठाएको छ, त्यसले बेइमानी गरिरहनु भएको छ, उसले नै गुटबन्दी गरेको आरोप केन्द्रीय सदस्य यादवको रहेको छ ।

तर सह इन्चार्ज साहले वडा तहदेखि समिति निर्माण हुँदै माथिसम्म आउँदैछन्, कार्यविभाजन पनि भइरहेका हुनाले पार्टीभित्र देखिएका विवादहरु आफै समाधान हुँदै जाने आफूले विश्वास लिएको बताउनुभयो । समिति गठन गरी कार्यविभाजन गरेर पार्टीलाई क्रियाशिल गराएपछि सबै आआफ्नो काममा व्यस्त हुन्छ र आफै विवाद समाधान हुने उहाँको बुझाई छ । यसअघि माओवादीले सम्पन्न गरेको तीन महिने अभियानमा पनि माओवादीले थुप्रै काम गरेको छ ।


जति काम भइसकेका छन् त्यसलाई आत्मसात गर्दै अरु बाँकी कामलाई अगाडि बढाउने काम भएको केन्द्रीय सदस्य यादवले बताउनुभयो । तीन महिने अभियानको क्रममा जनतासँग माओवादी कार्यक्रम थियो, त्यतिबेला जनतासँग घुलमिल हुने काम भएको थियो । जनतासँग आफ्नो दुखसुखको कुरा भन्ने काम भयो, माओवादी अझै क्रियाशिल छ भन्ने जानकारीका लागि त्यो अभियान थियो, त्यतिबेला संगठन बनाउनु भन्दा जनतासँग घुलमिल हुने कार्यक्रम रहेको थियो ।

# महाधिवेशनबाट यस्तो बन्दैछ जसपा नेपालको कार्यसमिति

जनता समाजवादी पार्टी नेपाल महाधिवेशनको तयारी लगभग अन्तिम चरणमा पुगेको छ । महाधिवेशनको प्रतिनिधि चयन गर्ने काम पनि लगभग सकिएको छ । महाधिवेशनबाट १५१ सदस्यीय कार्यकारिणी समिति चयन हुनेछ । जसमा अध्यक्ष १, सहअध्यक्ष १, उपाध्यक्ष ३, महासचिव १, उपमहासचिव ३, सचिव ७ र कोषाध्यक्ष १ गरी १७ पदाधिकारीसहित १५१ सदस्यीय केन्द्रीय समिति निर्वाचित हुने पार्टीका प्रचार प्रसार विभाग प्रमुख पूर्ण वस्नेतले बताउनुभयो ।

यद्यपी जेठ १ गते सम्पन्न केन्द्रीय समितिको बैठकले केन्द्रीय समिति सदस्यको सँख्या बढाउनु निर्णय गरेको छ । त्यसका लागि विधान संशोधन गर्नुपर्छ । विधान संशोधनको प्रस्ताव महाधिवेशनमा लगिनेछ । केन्द्रीय समितिमा कति सदस्य थप्ने निर्णय त्यहाँबाट हुने उहाँले बताउनुभयो । यद्यपी अहिलेलाई १५१ सदस्यीय केन्द्रीय समिति बनाउने निर्णय भएको उहाँले बताउनुभयो । जसपा नेपालले महाधिवेशनबाट आदिवासी जनजाती, मधेसी, खस क्षेत्री र ब्राहमण, थारु, दलित, मुस्लिम, अपाङ्गता भएका र अल्पससँख्या गरी सात वटा सामाजिक समुहहरुबाट केन्द्रीय समितिमा समावेश गरिनेछ । हरेक समुहबाट ३३ प्रतिशत महिला र ४० प्रतिशत युवा निर्वाचित हुने चयन हुने बताइएको छ ।

यसरी निर्वाचन गर्दा आदिवासी जनजाती समुहबाट ३० जना, मधेसी समुहबाट १६ जना, खस क्षेत्री र ब्राहमण समुहबाट ३३ जना, थारुबाट ६ जना, दलितबाट १४ जना, मुस्लिमबाट ४ जना अपाङ्गता भएका र अल्पसङ्ख्यक समुहबाट



३ जना निर्वाचित गरिने हुने जसपा नेपालले जनाएको छ । यसरी सामाजिक समुहबाट ३५ जना महिला र ४२ जना युवा निर्वाचित हुने छन् ।

जसपा नेपालले सामाजिक समुहबाट १०६ र खुल्ला प्रतिस्पर्धाबाट ४५ गरी १५१ सदस्यीय केन्द्रीय समिति निर्वाचित गर्ने हुने प्रावधान राखिएको छ ।












कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं ।

साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गर्नुहुन समेत अनुरोध गर्दछौं ।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

### अमेरिका जाँदा...

जनमत पार्टीका एक जना पदाधिकारीले भन्नभयो, 'डाक्टर साहेब (सिके राउत) अमेरिका जानुभन्दा पहिले सतिश सिंहको बारेमा निर्णय गरेर जानु भएको छ, अहिलेसम्म सतिश सिंह मुख्यमन्त्री हुनेमा म विश्वस्त छु तर राजनीति हो लास्ट टाइमसम्म के हुन्छ त्यो हेर्न बाँकी छ ।' जनमत पार्टीमा महेश यादवको विषयमा आधिकारिक चर्चा कहिले भएको थिएन । कसैले मुख्यमन्त्रीमा उहाँको प्रस्ताव पनि ल्याएन । माओवादीबालाहरुले महेश यादवको नाम चर्चामा ल्याएको हो किनभने महेश यादव पनि पूर्व माओवादी हुनुहुन्छ । माओवादीमा हुँदा महेश यादव मातृका यादवको निकट रहेर काम गर्नुभएको थियो । त्यही भएर दुई जनाको बिचमा राम्रो सम्बन्ध छ ।

त्यही भएर माओवादीको चाहना महेश यादव नै बनोस् भनि रहेको र उनीहरुले नै प्रचारमा ल्याएको जनमत पार्टीका कतिपय नेताहरुले बताउनुहुन्छ । यी कुराहरु बुझ्दा त सतिश सिंहको निधारमा टिका लगाएर नै अध्यक्ष राउत उडेको हुनुपर्छ । केही समय पहिले मधेश प्रदेशमा जनमत पार्टीको नेतृत्वमा सरकार बन्ने चर्चा चलाइएको थियो । जनमत पार्टीबाट महेश यादव मुख्यमन्त्री बन्ने सहमति भएको कुरा पनि बाहिर आएको थियो । महेश यादवले बधाई पनि खानुभयो । उहाँलाई मधेश प्रदेशको भावी मुख्यमन्त्रीको रुपमा हेर्न थालिको थियो । एमाले, माओवादी केन्द्र, जनमत पार्टी, नेकपा (एस) र लोकतान्त्रिक समाजवादी पार्टी नेपालको बिचमा सहमति भइसकेको कुरा बाहिर आएको थियो । त्यसका खण्डन जनमत पार्टीले पनि गरेको थिएन ।

माओवादी केन्द्र मधेश प्रदेशका प्रदेश सभा सदस्य जवाहरलाल कुशवाहाले एमाले, माओवादी केन्द्र, नेकपा (एस) र जनमत पार्टी बिच सरकार बनाउने सहमति भइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, 'यी चार दलको बिचमा जनमत पार्टीको नेतृत्वमा सरकार बनाउने सहमति भइसकेको छ, जसपाले विश्वासको मत लिने कि नलिने टुगों लागेपछि मात्र प्रकृया अगाडि बढाउँछौं ।' यता, सरकारको नेतृत्व गरेको जसपा नेपालले विश्वासको मत कहिले लिने भनि अझै टुगों लागेको छैन । जसपा नेतृत्वको सरकारबाट एमाले र माओवादीले समर्थन फिर्ता लिएपछि त्यो सरकार अल्पमतमा परेको हो ।

**मधेश प्रदेशमा १८.८ प्रतिशत बजेट मात्र खर्च**

मधेश प्रदेशमा चालु आर्थिक वर्षको १० महिनामा १८.८ प्रतिशतमात्र बजेट खर्च भएको छ । मधेश प्रदेश लेखा नियन्त्रणको कार्यालय जनकपुरधामले मधेश प्रदेश सरकारको कूल बजेट ४४ अर्ब ११ करोड ४० लाख ३२ हजार रुपियाँमध्ये उक्त अवधिमा १८.८ प्रतिशतमात्र खर्च भएको जनाएको हो । उक्त अवधिमा चालु खर्च तर्फ २४.६४ प्रतिशत अर्थात चार अर्ब ४६ करोड ७४ लाख ६८ हजार रुपियाँ तथा पुँजीगततर्फ १४.४४ प्रतिशत अर्थात तीन अर्ब ६९ करोड २१ लाख ८० हजार बजेट खर्च भएको कार्यालयका लेखा अधिकृत मनोज झाले बताउनुभयो ।

मधेश प्रदेशको वर्तमान सरकारमा सम्बन्धित मन्त्रालयमा मन्त्रीको हेरफेर, सचिवलगायत कर्मचारीको अभाव, निमित्तको भरमा मन्त्रालय सञ्चालन हुनु, योजना र बजेट बाँडफाँडलगायत समस्याले लक्ष्यअनुसार विनियोजित बजेट खर्च भएको छैन । चालु आर्थिक वर्षको पूर्ण बजेटमध्ये चालु तर्फ १८ अर्ब ५४ करोड ५८ लाख तथा पुँजीगत तर्फ २५ अर्ब ५७ करोड ७५ लाख ७४ हजार अर्थात ४४ अर्ब ११ करोड ४० लाख ३२ हजार कूल बजेट रहेको सो कार्यालयले जनाएको छ । गत आर्थिक वर्षमा कूल बजेटको ६१ प्रतिशतमात्र खर्च भएको थियो । आर्थिक वर्ष सकिन एक महिनामात्र बाँकी रहेकाले यही अवस्थामा यो पटक ५० प्रतिशतसमेत बजेट कार्यान्वयन हुन चुनौती रहेको जानकारहरूको भनाइ छ ।


### गठबन्धनमै एक...

त्यस प्रकारको स्थिति बन्यो भने हामी गठबन्धनको सरकार बनाएर अगाडि बढ्छौं । देशलाई यस्तो अनिर्णित अवस्थामा छाड्दैनौं । सरकारलाई कसरी जिम्मेवार बनाउने भनि यो हाम्रो जिम्मेवारी नै हो । जनताको पिडा, जनताको अवाजलगायत जुन दुखसुख छन् त्यो कुरा पनि सदनमा राख्नुपर्‍यो, यो राष्ट्रिय कर्तव्य हो । यो सरकार जति दिनसम्म रहन्छ त्यति दिनसम्म यो राष्ट्रलाई घाटा लाग्छ । त्यसैले यसलाई छिटोभन्दा छिटो फ्याल्नु परो भन्ने गरी लाग्नु पर्‍यो यो त विपक्षीको नाताले हाम्रो परम कर्तव्य हो । त्यसका लागि काँग्रेस नेतृत्वको विपक्षी गठबन्धनभित्र कुराकानी पनि सुरु भएको छ । यसका लागि सत्ता गठबन्धनमै रहेका केही दलसँग पनि कुराकानी चलिरहेको छ । यसका लागि केही समय प्रतिक्षा गर्नैपर्छ ।

*(जसपा नेपालका कार्यकारिणी सदस्य राजकिशोर यादवसँग गरिएको कुराकानीमा आधारित)*

# फिल्ममा लगानी बढ्दै हल बन्द हुँदै

नेपालमा ठूला ठूला मल्टिपेल्क्स खुले पनि थुप्रै सिनेमा हल बन्दको अवस्थामा छ । एकातिर फिल्म बन्ने र त्यसमा लगानी गर्ने बढेको छ भने अर्कोतिर सिनेमा हलको सँख्या घट्दै गइरहेको छ । काठमाडौँ उपत्यकाका एक समयका चलनचल्तीका सिनेमा हलहरु कुमारी, गोपीकृष्ण, जयनेपाल, गुण सिनेमा, हिरारत्न, गंगा, सिद्धार्थ, शिवदर्शन, मनकामना जस्ता हलहरु बन्द भइसकेका छन् । यो उपत्यकाका मात्र भए, उपत्यका बाहिरका साना साना शहरका हलहरु पुरै बन्द भएका छन् । सिरहा, गोलबजार, लालबन्दी, बर्दिवासका हलहरु बन्द अवस्थामा छन् । झापा, मोरङ, जनकपुर, चितवन, तनहुँ, पाल्पा, बागलुङ, दाङ, रुपन्देही, पर्वत, धनकुटा, धनुषाका अधिकाँश हलहरु बन्द अवस्थामा छन् ।



तीहरुमा कतिपयमा गोदाम बनाएर राखेका छन् भने कतिपयमा स्कुल सञ्चालन भएका छन् । कतिपय हललाई पार्टी प्यालेस बनाएर सञ्चाल गरिरहेको छ । चलचित्र विकास बोर्ड मातहत हल अनुगमन समितिका संयोजक राजु केसीका अनुसार समितिले हलको मात्र नभएर बक्स अफिस अनुगमन पनि गर्ने गरेको छ । हलको अनुगमन महिनामा एकचोटी हुने गरेको छ । काठमाडौंमा सिंगल थिएटर खासै नभएको हुनाले अहिले हलमा धेरै परिवर्तन भईसेकका छन् ।

कुनै जमाना थियो, काठमाडौंका हल एकएक गरी नियाल्नु पर्ने हुन्थ्यो तर अहिले समयले त्यो सबै पविर्तन गरिदिएको छ । मोफसलका हलमा अझ पनि धेरै कुराहरु सुधानु पर्ने उहाँको भनाई छ । देशैभरी गरेर अहिले ८० वटा जति हल सञ्चालनमा छन् । बन्द कति भएका छन् त्यसको तथ्यांक नै छैन । हलहरु वर्गीकरण गर्ने कुरामा अहिलेसम्म टुङ्गो लागेको छैन ।

अहिलेसम्म वर्गीकरण गरिएको छैन । संयोजक केसीले अब बिस्तारै हल र चलचित्र दुवैको वर्गीकरण गर्नुपर्छ भन्ने कुरा सम्बन्धित निकायमा राखिएको बताउनुभयो । हलहरु राति ११ बजेसम्म सञ्चालल गर्ने अनुमती भएको बताउँदै संयोजक केसीले राति ११ पनि चलचित्र प्रदर्शन गर्नुपरे शान्ति सुरक्षाको व्यवस्था सुनिश्चत हुने गरी प्रदर्शकले चलचित्र प्रदर्शन गर्नुपर्ने र त्यसरी उक्त समयमा चलचित्र प्रदर्शन गर्नुपरे प्रदर्शन गर्नु अगावै बोर्डलाई जानकारी गराउनुपर्ने बताउनुभयो । केही हप्ता पहिला लुम्विनी र गण्डकी प्रदेशमा हल अनुगमन गरेर आउनुभएका चलचित्र बिकास बोर्डका प्रशासनिक प्रमुख दिनेश बानियाँ हलहरुले कर तिरेको छ कि छैन र हलको नविकरण गरेको छ कि छैन भनेर अनुगमन गर्दा दुईचारवटा बाहेक मापदण्ड अनुसार सबै हलहरुले कर तिरेको पाइएको बताउनु भयो । उहाँका अनुसार मल्टिपेल्क्सले गर्दा सबै हलहरुको अवस्था राम्रो रहेको छ । लगानी राम्रो गर्न नसकेर अहिले केही हलहरु बन्द भएका छन् । अहिले पनि अत्याधुनिक सुविधासम्पन्न नभएका हललाई केही अफठ्यारो हुने गरेको छ ।


## वडा कार्यालयको अपिल

### तपाईको स्वास्थ्य हाम्रो अठोट

### समयमा स्वास्थ्य बीमा गरौं, स्वास्थ्यप्रति सचेत बनौं

नेपालको संविधानमा राज्यको निर्देशक नीति अन्तर्गत धारा ५१ (ज) १५ मा 'नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' भन्ने व्यवस्था भए बमोजिम उक्त व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारद्वारा स्वास्थ्य बीमा ऐन, २०७४ एवं नियमावली, २०७५ जारी गरी स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रम आर्थिक वर्ष २०७२/०७३ मा कैलाली, बागलुङ र इलाम जिल्लाबाट शुरु भई चरणबद्ध रुपमा देशभरि सञ्चालन भइरहेको छ । यो कार्यक्रम स्वास्थ्य उपचारमा हुने खर्चको भारलाई व्यवस्थापन गर्ने विधि हो । आम नागरिकको उपचारमा सह पहुँच पुगोस् भन्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यो कार्यक्रम परिवारमा आधारित कार्यक्रम हो । यसमा परिवारका सबै व्यक्ति सदस्य बन्नुपर्छ । पाँच जनासम्मको एउटा परिवारले वार्षिक ३,५००।- तिरेर सदस्य बनेपछि स्वास्थ्य उपचार आवश्यक पर्दा एक वर्ष भित्रमा १,००,०००।- सम्मको सेवाका लागि आवश्यक रकम तिर्नु पर्दैन । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै औरही गाउँपालिका वडा नम्बर ५ ले स्वास्थ्य बीमा रकममा ५० प्रतिशत सहयोग गरेको छ । वडा कार्यालयले १७५० रुपियाँमा मात्र बिमा गराई रहेको छ । त्यसैले आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचारमा ढुक्क हुनका लागि बीमा कार्यक्रममा सहभागी बन्नुहोस् । वडा कार्यालयमा आएर सबैले स्वास्थ्य बीमा गरौं । आफ्नो र आफ्नो परिवारको स्वास्थ्यलाई ख्याल राखौं ।

***थप जानकारीका लागि स्वास्थ्य बीमा बोर्डको वेभसाइट www.hib.gov.np मा लग इन गर्नुहोस् । अथवा, औरही गाउँपालिका वडा नम्बर ५ को कार्यालयमा वा ९८१४७३०३६५ मा सम्पर्क गर्नुहोस् ।***

**मधेश प्रदेश**

**औरही गाउँपालिका, सिरहा**

**औरही वडा नम्बर ५ को कार्यालय**

**टिप्पणी**

# संकटमा मात्र महन्थलाई सम्झिने उपेन्द्र मधेशमा यसरी एक्लिए




जब जब पार्टीमा संकट आउछन्, त्यसबेला जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सम्झिने एक मात्र व्यक्ति हुनुहुन्छ महन्थ ठाकुर । लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरप्रति जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको राम्रो धारणा छैन । आफ्नो पार्टीको दस्तावेजदेखि लिएर हरेक ठाउँमा महन्थ ठाकुरको पार्टीलाई कमजोर बनाउने र पार्टी तल्लो देखाउने काम जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले गर्नुभएको छ । लोसपालाई कमजोर बनाउन कुनै कसर बाँकी राख्नुभएको छैन ।

**दोस्रो चरणको आन्दोलन गर्न**

जसपा नेपाल मधेशी जनअधिकार फोरम नेपालको रुपमा हुँदादेखि नै पटक पटक महन्थ ठाकुरको सहयोग लिनु भएको छ उहाँले । मधेशी जनअधिकार फोरम नेपालले मधेशमा आन्दोलन सुरु गरेको थियो । पहिलो चरणको आन्दोलन गरेपछि सरकारसँग २२ बुँदे सम्झौता भएको थियो । सो सम्झौतापछि तत्कालिन फोरम विभाजन भएको थियो । त्यसपछि त्यो आन्दोलन अगाडि बढी रहेको थिएन ।

त्यतिबेलासम्म महन्थ ठाकुरको नेतृत्वमा तराई मधेश लोकतान्त्रिक पार्टी गठन भइसकेको थियो । भारतले त्यो पार्टी आफ्नो पार्टीको विरुद्धमा गठन गर्न लगाएको आरोप उपेन्द्र यादव र उहाँका साथमा रहेका अन्य नेताहरुले लगाउनु भएको थियो । त्यो आरोप हालसम्म पनि लगाइ रहनु हुन्छ उहाँ र उहाँका नेताहरुले । यस्तो आरोप लगाउने उपेन्द्र यादवले आन्दोलनलाई अगाडि बढाउन नसकेपछि तत्कालिन तमलोपाका अध्यक्ष महन्थ ठाकुरको साथ खोज्नु भएको थियो ।

त्यतिबेला नेपाल सद्भावना पार्टीबाट अलग भएर राजेन्द्र महतोले पनि सद्भावना पार्टी गठन गरिसक्नु भएको थियो । उपेन्द्र यादवले महन्थ ठाकुरसँग कुरा गरिसकेपछि त्यसमा राजेन्द्र महतोलाई पनि मिसाउनु भएको थियो । त्यसपछि तीन दलको मधेशी मोर्चा बनेको थियो । तीन दलले पुनः दोस्रो चरणको आन्दोलन गरेका थिए । २०६४ फागुन १६ गते सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको बिचमा आठ बुँदे सम्झौता भएको थियो ।

सम्झौता भएपछि पनि मधेशी मोर्चालाई एक साथ लग्नुपर्ने भनि सहमति भएको थियो । संविधानसभाको चुनावमा समेत सहकार्य गर्ने सहमति भएको थियो । तर उपेन्द्र यादव छुट्टै एक्लै चुनावमा भाग लिनुभयो । मधेशमा सबभन्दा ठूलो पार्टी बनाउनुभयो । तमलोपा र सद्भावना पार्टी पनि अलिअलि सीट लिएर संविधानसभामा आए । त्यसपछि पनि मधेशी मोर्चालाई सक्रिय गर्ने प्रयास भयो । तर उपेन्द्र यादव अलगथलग बस्नु थाल्नुभयो । उहाँको पार्टी ठूलो भएपछि उहाँमा अंहकार भएको थियो भनि टिप्पणी हुने गरेको थियो ।

मधेशी मोर्चा सक्रिय भएपनि उपेन्द्र यादव लामोसमय टिक्नु हुन्थेन । कुनै न कुनै बहानामा मोर्चा छाडेर हिड्नु हुन्थ्यो । मधेशवादी दलहरु पटक पटक सरकारमा गए तर उपेन्द्र यादव महन्थ ठाकुर, राजेन्द्र महतोलगायत अन्य मधेशवादी दल सहभागी भएको कुनै पनि सरकारमा आफ्नो पार्टीलाई सहभागी गराउनु भएको थिएन । उपेन्द्र यादवले आफ्नो दललाई सबभन्दा ठूलो शक्तिशाली मान्नुहुन्थ्यो र अरुलाई भाव दिनुहुन्थेन ।

**गच्छदार र गुप्ताले छाडेपछि**

तर जब उपेन्द्र यादवको पार्टी फोरम दुई पटक (विजयकुमार गच्छार र जेपी गुप्ताले अलग अलग विभाजन गर्नुभएको थियो) विभाजन भएर कमजोर भयो । त्यसपछि उपेन्द्र यादवले पार्टी एकताकै लागि महन्थ ठाकुरसमक्ष प्रस्ताव गर्नुभएको थियो । उपेन्द्र यादव र महन्थ ठाकुरबिच मात्रै किन राजेन्द्र महतोलाई पनि साथ लिनुपर्छ भनि तीनटै दलबिच एकताका लागि प्रयास भयो । एकता बारे छलफल गर्नका लागि दलहरु बिचमा कार्यदल बन्यो । त्यो कार्यदलले पटक पटक छलफल गर्‍यो । राजनीतिक दस्तावेज, पार्टीको झण्डा, चुनाव चिन्ह, पार्टीको नाम लगायत धेरै कुरामा सहमति भएको थियो तर नेतृत्वमा कुरा नमिल्दा एकताको प्रकृया भाँडिएको थियो । यद्यपी मधेशी मोर्चा कायमै थियो ।

२०७० सालको दोस्रो संविधान सभा चुनावमा भाग नलिने सहमति मधेशवादी दलको बिचमा भएको थियो । मधेशी मोर्चाको माग पुरा नभएसम्म चुनावमा भाग नलिने सहमति भएको थियो । अन्य मधेशवादी दलहरु त्यो सहमतिमा अडिग थिए तर उपेन्द्र यादव भित्रभित्रै चुनावको तयारीमा लागि सक्नुभएको थियो । अन्ततः सबै मधेशवादी दल चुनावमा भाग लिए । कुनै दलको बिचमा गठबन्धन हुनसकेन । चुनावमा मधेशी मोर्चा पनि एकीकृत रहन सकेन ।

त्यसको नतिजा भयो । उपेन्द्र यादव नेतृत्वको फोरमसहित महन्थ ठाकुर, राजेन्द्र महतो, राजकिशोर यादव, अनिल झा, शरतसिंह भण्डारीको दल कमजोर भए । त्यसपछि बल्ल ती दलहरुको आँखा खुलेको थियो । पुनः मधेशी मोर्चालाई बित्याउने सहमति भयो । तर त्यो सहमति धेरै दिन चलेन । उपेन्द्र यादवले आन्दोलनका लागि छुट्टै गठबन्धन बनाउनुभयो । सो गठबन्धनमा सरिता गिरि, प्रभु साहलगायत नेताहरु पनि सहभागि हुनुहुन्थ्यो ।

**गठबन्धनमा महन्थको साथ**

तर गठबन्धनले गति नलिएपछि उपेन्द्र यादवले महन्थ ठाकुरलगायत अन्य दललाई पनि त्यसमा सहभागी गराउनुभयो । अर्थात त्यो गठबन्धनमा मधेशी मोर्चा पनि सहभागी भयो । तर त्यो गठबन्धनमा महन्थ ठाकुर र उपेन्द्र यादवको बिचमा कहिले तालमेल मिलेन । उपेन्द्र यादवले आफ्नो तरिकाले आन्दोलनलाई अगाडि बढाउन चाहनु हुन्थ्यो जुन कुरा महन्थ ठाकुरलाई मन पर्दैनथ्यो ।

पछि मधेशी मोर्चा गठबन्धनबाट उपेन्द्र यादव अलग हुनुभयो । उपेन्द्र यादवले आफ्नो गठबन्धन लिएर काठमाडौं केन्द्रीत आन्दोलन सुरु गर्नुभयो । त्यो गठबन्धनमा उपेन्द्र यादवले आदिवासी जनजाति नेतृत्वका संगठन तथा पार्टीलाई राख्नुभएको थियो । महन्थ ठाकुरले मधेशी मोर्चालाई लिएर छुट्टै संघर्ष गरिरहनु भएको थियो भने उपेन्द्र यादवले गठबन्धनलाई लिएर । त्यो आन्दोलन थियो संविधानसभाबाट बनिरहेको संविधानमा मधेशको अधिकार र पहिचान उल्लेख गराउनु ।

**१६ बुँदे सम्झौतापछि**

आन्दोलन चलिरहेकै बेला तीन दल (माओवादी, एमाले, कांग्रेस)को बिचमा १६ बुँदे सम्झौता भयो । त्यसलाई विजयकुमार गच्छदारले मधेशी मोर्चा छाडेर साथ दिनुभएको थियो । गच्छदार तीन दलसँग मिलेर १६ बुँदे सम्झौतामा सहमति जनाएपछि उपेन्द्र यादव पुनः महन्थ ठाकुर नेतृत्वको मधेशी मोर्चामा सहभागि हुनुभएको थियो ।

त्यसपछि मधेशी मोर्चाले तेस्रो चरणको मधेश आन्दोलनको घोषणा गरेको थियो । मधेशी मोर्चाबाट आन्दोलन चलिरहकै बेला तीन दलले संविधान निर्माण गरेर घोषणा पनि गर्‍यो । त्यसपछि मधेशमा आन्दोलन झन चर्कियो । नाकाबन्दीसम्मको अवस्था सृजना भयो । मधेशी मोर्चामा रहेका दलहरुले नाका बाँडफाँड गर्नुभयो । उपेन्द्र यादवको भागमा जोगवनी पर्‍यो भने राजेन्द्र महतोको भागमा रक्सौल पर्‍यो । महन्थ ठाकुरको भागमा कपिलवस्तुतिरको नाका पर्‍यो ।

सबै नेताहरु आआफ्नो नाकामा तैनाथ हुनुभयो । तर सबभन्दा कमजोर उपेन्द्र यादवको नाका नै थियो । त्यो देखेर राजेन्द्र महतो रक्सौलबाट जोगवनी नाका पुग्नुभएको थियो । राजेन्द्र महतो त्यहाँ पुगेपछि उपेन्द्र यादवका नेता तथा कार्यकर्ताले नाका छाडेका थिए । त्यही मौकामा त्यहाँका प्रहरीले राजेन्द्र महतोलाई घेरा हालेर कुटपिट गरेको थियो । राजेन्द्र महतो उपचारका लागि भारतको दिल्ली जानुभयो । त्यसपछि बिस्तारै आन्दोलन कमजोर हुँदै गयो । मधेशी मोर्चामा आन्तरिक द्वन्द सुरु भएपछि त्यो नाकाबन्दी त्यतिकै तुहिएको थियो । तर संविधान संशोधनका लागि आन्दोलन गर्ने भनि पुनः मधेसी मोर्चालाई सक्रिय बनाइएको थियो ।

**छ दलबिच एकता**

संविधान संशोधन नभएसम्म चुनावमा भाग नलिने मधेशी मोर्चामा एउटा सहमति थियो । मधेशी मोर्चाबाट संघर्ष जारी थियो । त्यही बिचमा २०७४ बैशाख ७ गते महन्थ ठाकुर, शरतसिंह भण्डारी, अनिलकुमार झा, राजेन्द्र महतो, महेन्द्रराय यादव र राजकिशोर यादवको बिचमा एकता भयो र बन्यो राजपा नेपाल । सो एकीकरणमा सहभागी हुन उपेन्द्र यादवलाई पनि भनिएको थियो । तर उहाँले तपाईंहरु गर्दै गर्नु म पछि आउछु भन्नुभएको थियो । तर उहाँ जानुभएन । उहाँ त्यसअघि नै अशोक राइ नेतृत्वको संघीय समाजवादी पार्टीसँग एकीकरण गर्नुभएको थियो र संघीय समाजवादी फोरम नेपाल बनाइसक्नु भएको थियो ।

मधेशी मोर्चा कायम रह्यो । त्यसैबाट आन्दोलन गर्ने काम भइरहेको थियो । संविधान संशोधन नभएसम्म २०७४ को आम चुनावमा भाग नलिने सहमति थियो । तर उपेन्द्र यादवले भित्रभित्रै चुनावको तयारीमा लागि सक्नुभएको थियो । महन्थ ठाकुरले उपेन्द्र यादवमाथि विश्वास गरेर बस्नुभएको थियो । भित्रभित्र उपेन्द्र यादवको तयारी तिब्र थियो । उपेन्द्र यादव चुनावमा जाने भयो । तर महन्थ ठाकुरको कुनै तयारी थिएन पहिलो चरणको चुनावमा उहाँको पार्टीले भाग नै लिन पाएन । त्यही कारणले मधेश प्रदेशको चुनाव केही ढिलो भयो । त्यसमा मात्र महन्थ ठाकुरको पार्टी राजपाले भाग लिन पाएको थियो ।

चुनावपछि कुनै दलको अवस्था सन्तोषजनक थिएन । उपेन्द्र यादवले आफ्नो पार्टी राष्ट्रिय पार्टी हो राम्रै सीट आउला भनि सोचेर बस्नुभएको थियो । तर सोचे जस्तो सीट आएको थिएन । त्यसले गर्दा उहाँ निराश हुनुभएको थियो । महन्थ ठाकुरको पार्टीभन्दा उपेन्द्र यादव नेतृत्वको पार्टी ठूलो त्यो अनुपातमा सीट ल्याउन सकेन जसले पार्टी कार्यकर्तामा पनि एउटा ठूलो निराशा उत्पन्न भएको थियो ।

**एकताका लागि महन्थलाई चिठी**

त्यसपछि उपेन्द्र यादवले महन्थ ठाकुरको पार्टीसँग एकताका लागि हात अगाडि बढाउनुभएको थियो । सुरुमा उपेन्द्र यादवले चिठी लेखेर नै पार्टी एकताका लागि आह्वान गर्नुभएको थियो । त्यसको जवाफ महन्थ ठाकुरले चिठी लेखेर नै दिनुभएको थियो । त्यो बिचमा पटक पटक चिठी आदान प्रदान भएको थियो । तर वार्ताको कुरा अगाडि बढी रहेको थिएन । बिचबिचमा दोस्रो तहका नेताको बिचमा कुराकानी हुन्थ्यो । तर कुरा अगाडि बढी रहेको थिएन ।

उपेन्द्र यादव सरकारमा सहभागी भएपछि पनि एकताको प्रकृयालाई छाड्नु भएको थिएन । त्यसपछि राजपा नेपालका नेताहरुले एकताका लागि सरकारबाट बाहिरिनु पर्ने सर्त राख्नुभयो । त्यो सर्तमा उपेन्द्र यादवले एकता भएपछि सरकार छाडि दिने प्रतिकृया दिनुएको थियो । उपेन्द्र यादव सरकार छाड्न तयार हुनुभएन । उहाँको आरोप थियो कि आफूहरुले सरकार छाडेपछि राजपा नेपाल सरकारमा सहभागी हुन्छ ।' सरकार नछाडेपछि एकताको प्रकृया अगाडि बढेको थिएन । अर्थात एकताको प्रकृयामा ब्रेक नै लाग्यो ।

सरकारमा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीसँग उपेन्द्र यादव खटपट सुरु भयो । प्रधानमन्त्री ओलीले उपेन्द्र यादवको मन्त्रालय सार्नुभएको थियो भने एकजना राज्यमन्त्री बर्खास्थ नै गर्नुभएको थियो । तैपनि उपेन्द्र यादव सरकारमै बस्नुभयो । कानुन मन्त्रीको रुपमा उपेन्द्र यादवले संविधान संशोधन प्रस्ताव मन्त्रीपरिषद्‌मा लग्दा तत्कालिन प्रधानमन्त्री ओलीले त्यो प्रस्तावलाई अस्विकार मात्र गर्नुभएन उपेन्द्र यादवसँग दुर्व्यवहार पनि गर्नुभएको थियो । त्यतिबेला उहाँले बाबुरा भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टीसँग एकीकरण गरेर समाजवादी पार्टी बनाइ सक्नु भएको थियो ।

**रातारात महन्थसँग एकता**

त्यसपछि उपेन्द्र यादवले सरकार छाड्नु भएको थियो । सरकार छाडेपछि उपेन्द्र यादवको पार्टी विभाजन हुन लागेको थियो । एमालेका अध्यक्ष एवं तत्कालिन प्रधानमन्त्री ओलीले उपेन्द्र यादवको पार्टी विभाजन गर्न सम्पूर्ण तयारी गर्नुभएको थियो । यहाँसम्म कि उपेन्द्र यादव पार्टीका नेताको अपहरण समेत पनि उहाँले गराउनु भएको थियो । अब पार्टी फुट्ने लगभग निश्चित भएको थियो ।

त्यसपछि उपेन्द्र यादवले पुनः महन्थ ठाकुर समक्ष पुग्नुभयो र एकताको प्रस्ताव अगाडि बढाउनुभयो । लोसपाका नेताहरुको कुरा मान्ने हो भने उपेन्द्र यादवले एकता गरेर आफ्नो पार्टी जोगाई दिन महन्थ ठाकुरसँग सहयोग माग्नुभएको थियो ।

महन्थ ठाकुर एकताका लागि तयार हुनुभयो । २०७७ बैशाख १० गते मध्यराती उपेन्द्र यादवको समाजवादी पार्टी र महन्थ ठाकुर नेतृत्वको राजपा नेपालबिच एकता भएर जसपा नेपाल बन्यो । यता, एकताको प्रकृया पनि चलिरहेको थियो भने उता उपेन्द्र यादव पार्टीका नेतृ रेणु यादव, इस्तियाक राइ, प्रदीप यादवलगायतले पार्टी विभाजनको तयारीमा लागि सक्नुएको थियो । एकातिर फुटको कुरा भइरहेको थियो भने अर्कोतिर जुटको कुरा भइरहेको थियो । महन्थ ठाकुर र उपेन्द्र यादवबिच एकता भएपछि रेणु यादवहरुले पार्टी विभाजन गर्न सक्नु भएन । अर्थात महन्थ ठाकुरसँग एकता गरेपछि उपेन्द्र यादवको पार्टी जोगियो ।

**महन्थ ठाकुरलाई कारवाही**

तर त्यो एकता धेरै दिनसम्म चलेन । उपेन्द्र यादवले महन्थ ठाकुरलाई पार्टीबाट निष्काशन गर्नुभयो । महन्थ ठाकुरलाई मात्र होइन, उहाँका साथमा रहेका अन्य नेता राजेन्द्र महतो, लक्ष्मणलाल कर्णलगायतका नेताहरुलाई भटाभट कारवाही गरेर पार्टीबाट निष्काशन गर्नुभएको थियो । जसपा नेपालमा रहेर तत्कालिन प्रधानमन्त्री ओलीलाई साथ दिएको र सरकारमा सहभागी हुने षड्यन्त्र गरेको कारण कारवाही गरेको दावी उपेन्द्र यादवको थियो त्यतिबेला ।

कारवाही चलिरहेको बेला नै महन्थ ठाकुरको पक्षबाट थुप्रै नेताहरु ओली नेतृत्वको तत्कालिन सरकारमा सहभागी हुनुभएको थियो । त्यही मौकामा उपेन्द्र यादवले नेताहरुलाई कारवाही गर्न थाल्नुभयो । त्यसपछि पार्टी विभाजनको संघारमा पुग्यो । महन्थ ठाकुरहरु जसपाबाट अलग हुने निष्कर्षमा पुग्नुभयो र निर्वाचन आयोगमा निवेदन दिनुभयो ।

बाँकी पृष्ठ १२ मा

# नवलपरासी र कैलालीमा आलु उत्पादनमा वृद्धि



गत वर्षको तुलनामा यो वर्ष कैलाली र नवलपरासीमा आलु उत्पादनमा वृद्धि भएको छ। कैलालीमा छ प्रतिशतले वृद्धि भएको छ भने नवलपरासी (सुस्तापूर्व)मा गत वर्षभन्दा एक हजार ५९ मेट्रिक आलु बढी उत्पादन भएको छ। कैलाली जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकारी श्यामराज जोशीका अनुसार गत वर्ष चार हजार पाँच सय १२ हेक्टर क्षेत्रफलमा आलुखेती गरिएकामा ६७ हजार ७६० मेट्रिक टन आलु उत्पादन भएको थियो। यस वर्ष चार हजार ५८० हेक्टर क्षेत्रफलमा आलु खेती गरिएकामा ७२ हजार १३० मेट्रिक टन उत्पादन भएको छ।

गत वर्षको तुलनामा यस वर्ष चार हजार ३७० मेट्रिक टन बढी आलु उत्पादन भएको तथा ६८ हेक्टर क्षेत्रफल वृद्धि भएको उहाँले जानकारी दिनुभयो। "यस वर्ष थोरै क्षेत्रफल पनि बढेको छ। आलु उत्पादनमा मौसमले पनि प्रभाव पार्छ। यसपटक हिउँदमा हुस्सु पनि लागेन", उहाँले भन्नुभयो, "हुस्सुले आलुमा क्षति हुन्छ। मौसम पनि अनुकूल भयो। त्यसले पनि उत्पादन वृद्धि भएको हो।"

किसानको उत्पादन बढाउन, किसानलाई व्यावसायिक आलुखेतीमा प्रेरित गर्न किसानको मागअनुसार ज्ञान केन्द्रले बीउ, विषादी तथा उत्पादन सामग्री ५० प्रतिशत अनुदानमा दिँदै आएको सूचना अधिकारी जोशीले बताउनुभयो। नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा आलुखेती गरिने क्षेत्र र उत्पादन बर्सेनि बढ्दै गएको छ। कृषि ज्ञान केन्द्रसँगै स्थानीय पालिकाले आलुखेती प्रवर्द्धन अन्तरर्गत अनुदान कार्यक्रम सञ्चालन गर्न थालेपछि आलुखेतीतर्फ किसान आकर्षित भएका छन्।

जिल्लामा यस आर्थिक वर्षमा तीन हजार २०५ हेक्टर क्षेत्रफलमा आलुखेती भएको कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले बताउनुभयो। यस वर्ष ५८ हजार ४१३ मेट्रिक टन आलु उत्पादन भएको छ। "गत वर्ष तीन हजार १७५ हेक्टरमा आलुखेती भएकामा यस वर्ष ३० हेक्टर जमिनमा थप विस्तार भएको छ", उहाँले भन्नुभयो, "गत वर्ष जिल्लामा ५७ हजार ३५४ मेट्रिक टन आलु उत्पादन भएको थियो, गत वर्षभन्दा यस वर्ष उत्पादन एक हजार ५९ मेट्रिक टनले बढेको छ।"

जिल्लामा व्यावसायिक आलुखेती गर्ने किसानको सङ्ख्या प्रत्येक वर्ष बढेको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ। पछिल्लो चार वर्षको आलुखेती गरिने क्षेत्रफल र उत्पादन हेर्दा प्रत्येक वर्ष वृद्धि हुँदै गएको देखिएको छ। जिल्लामा आव २०७८/०७९ मा तीन हजार एक सय १५ हेक्टर क्षेत्रफलमा आलुखेती गरिँदा ५० हजार एक सय ५२ मेट्रिक टन उत्पादन भएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा तीन हजार ११० हेक्टर क्षेत्रफलमा ५२ हजार ९९० मेट्रिक टन उत्पादन भएको थियो।

आलु उत्पादनका हिसाबले नवलपरासी पूर्व आत्मनिर्भर रहेको छ। सरकारी तहबाट लगानी वृद्धि हुँदा किसान आलुखेतीतर्फ आकर्षित भएका छन्। जिल्लाको मध्यविन्दु, कावासोती नगरपालिका र हुप्सेकोट गाउँपालिका क्षेत्रमा आलु राम्रो उत्पादन हुने गरेको छ। सो क्षेत्रमा व्यावसायिक रूपमा आलु उत्पादन गर्ने कृषक र कृषि समूहको सँख्या उल्लेख्य रहेको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो। किसानले उत्पादन गरेको आलु स्थानीय बजारका साथै बुटवल, नारायणगढ र काठमाडौंलगायतका बजारमा जाने गरेको छ।

# धनुषामा गहुँ उत्पादनमा कमी



धनुषामा गहुँको उत्पादनमा कमी आएको छ। जिल्ला कृषि ज्ञान केन्द्र धनुषा, जनकपुरधामका अनुसार चालु आर्थिक वर्षमा ३३ हजार पाँच सय हेक्टर क्षेत्रफल जमिनमा गहुँखेती गरिएकामा ५७ हजार पाँच सय मेट्रिकटन गहुँ उत्पादन भएको छ। गत वर्ष भने ३४ हजार हेक्टर क्षेत्रफलमा गहुँ खेती गरिएकामा एक लाख १५ हजार ६ सय मेट्रिकटन उत्पादन भएको थियो। दुवै आर्थिक वष बिचको तुलना गर्दा गत वर्षको तुलनामा चालु आर्थिक वर्षमा १८ हजार चारसय ५० मेट्रिकटन गहुँ कम उत्पादन भएको छ। यसबाट किसानलाई ७३ करोड ८० लाख रुपियाँ घाटा भएको छ। अहिले प्रतिक्विन्टल पाँच हजार रुपियाँको दरले गहुँ बिक्री वितरण भइरहेको छ।

यसवर्ष गहुँखेतीको क्षेत्रफलमा आएको कमी तथा मल र पानीको अभावका कारण गहुँ उत्पादनमा ह्रास आएको कार्यालयका बागबानी विकास अधिकृत प्रदीप यादवले जानकारी दिनुभयो।




"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

## दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ। चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ। ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ। प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ। दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन। यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ। शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन्। यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुऱ्याउछ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१–५५२५४००



# समाचार/विविध

## पत्रकारिताका लागि...

त्यहाँ पुगेपछि अर्कनाको खुशीको सीमा नै थिएन । संसार नै जितेको अनुभुती उहाँलाई भइरहेको थियो । पहिलो फोन उहाँले आफ्नो आमालाई नै गर्नुभयो । र, उहाँले भन्नुभयो, ' आमा मेरो सपना पुरा भयो ।' अन्नपूर्णसम्म जान अर्कनालाई कम्ती गाह्रो भएको थिएन । यात्राको क्रममा कतियौं पटक त उहाँको सांस पनि बन्द हुने हुने अवस्था पुगेको थियो । धेरै पटक सांस लिन गाह्रो भएको थियो । अब बाँचिदैन कि पनि अर्कनालाई लागेको थियो । तर यो कुरा उहाँले घरमा भन्नु भएन, आमासँग भन्नुभएन । घरमा भनेपछि आतिन्छ कि भनि लागेको थियो उहाँलाई । यात्राकै क्रममा उहाँले पटक पटक भगवानलाई सम्झनुभयो अलाहको सज्दा गर्नुयभो ।

अन्नपूर्णबाट फर्केपछि मार्दीसम्म पनि उहाँ जानुभएको थियो । तर हिमालको आरोहण गरिरहँदा पनि उहाँको मनबाट पत्रकारिता हटेको थिएन । हिमाल चढ्नु उहाँको सौख थियो तर लक्ष्य भनेको पत्रकारिता नै थियो । उहाँले भन्नुभयो, 'पत्रकार बन्ने दौडमा रहेको बेला यसो थाकेपछि साइड लागेर हिमालको टाकुरसम्म जाने पर्यत्न गरेको मात्र हो तर मेरा लक्ष्य त्यो थिएन र छैन पनि ।'

**विवाह**

पत्रकारितामा आफ्नो क्यारियर बनाउन लाग्नु भएका अर्कनालाई विवाह गर्ने मन थिएन । यसो भन्दा फरक नपर्ला कि उहाँलाई केटा मान्छेदेखि घृणा लाग्थ्यो । जीवनमा कुनै केटा नआइ दिए हुन्थ्यो जस्तो लाग्थ्यो उहाँलाई । त्यसको कारण कोट्याउँदै जाँदा उहाँले भन्नुभयो, 'मेरा जीवनमा एक-दुई जना केटा आए र धोका दिएर गए । त्यसपछि केटा भनेको यस्तै हो भनि लाग्न थाल्यो । केटा भने चिज जीवनमा नआइ दिए जस्ता लाग्न थालेको थियो तर सोचे जस्तो नहुँदो रहेछ विहे भयो ।'

अर्कनाका लागि विहेको अफर आउँदा उहाँका आमा बुवाले कुरा गर्नुहुन्थ्यो । अर्कनाले टार्दै जानु हुन्थ्यो । एकपटक अर्कनाका आमाले भन्नुभयो, ' अहिले म छु त तिमीलाई सबै थोक छ, तर म मरेपछि तिमीलाई हेर्ने पनि कोही हुँदैन, त्यसैले विहे गरि हाल विहे पछि जेजे गर्न मन लाग्छ त्यो गर्नु ।' आमाको यस्तो कुरा सुनेपछि अर्कनाले केही भन्न सक्नुभएन । विहेका लागि राजि हुनुभयो ।

पर्साको वीरगञ्जबाट विहेको लागि प्रस्ताव आएको थियो । काठमाडौंस्थित घरमा केटासहित उहाँका अभिभावकहरु पनि आउनुभएको थियो । त्यहाँ केटा-केटी बिच पनि देखादेख भयो । केटा अर्थात याहिया हुसैनले अर्कनालाई सोध्नुभयो, ' आर यु ह्यापी ?' यही कुराबाट अर्कना याहियामाथि फिदा हुनुभएको थियो । अर्कनाले पनि याहियालाई मन पराउन थाल्नुभएको थियो । जुन दिन यो विवाह फिक्स भयो त्यो दिन अर्कनाको जन्मदिन थियो । त्यसलाई शुभदिन नै उहाँले मान्नुभएको थियो र सन् २०२० मा अर्कनाको विहे भयो ।

**ग्यालेक्सीको यात्रा**

अर्कना अहिले भोजपुरी भाषाको 'खेलाडी' हस्य सिरिजमा काम गरिरहनु भएको छ । साथी विरेन्द्र मुखिया र प्रियंका पाण्डेसँग मिलेर 'खेलाडी' सिरिजमा काम गरिरहनु भएको छ । सो सिरिजबाट अर्कनालाई अहिले एक पैसा पनि आइरहेका छैन । अर्कना भन्नुहुन्छ, 'म त्यो काम गर्दा पैसाको डिमाण्ड गरेको थिइनन्, काम गर्नुको दुईटा कारण छन्, एउटा त्यहाँबाट एउटा पहिचान बन्छ र अर्को आफ्नो भाषा र सँस्कृतिको प्रचार हुन्छ ।' पछि राम्रोसँग चल्न थालेपछि त्यहाँबाट आर्थिक सहयोग हुनसक्ने आशमा अर्कना हुनुहुन्छ ।

बिहेपछि अर्कनालाई ग्यालेक्सी टिभीमा काम गर्ने अफर आएको थियो । उहाँले सहस्र स्विकार गर्नुभयो । रिर्पोटिङसहित न्युज एकंर भनेर अर्कनालाई त्यहाँ राखिएको थियो तर जे भनेर राखिएको थियो । त्यो काम कहिले दिएन । काममा भेदभाव हुन्थ्यो । ल्याएका समाचार पनि प्रशासरण गर्दैन्थ्यो, एकरिङ गर्न दिनु धेरै टाढाको कुरा ।

अर्कनाले भन्नुभयो, 'मैले त पछि थाह पाए कि मलाई त त्यहाँ समावेशीका लागि देखाउन लगेको थियो, मुस्लिम समावेशीका लागि मलाई राखेको थियो तर काम दिइरहेको थिएन ।' केही रिर्पोटिङ गरेर ल्याएपछि त्यसलाई विभिन्न टिकाटिप्पणी गर्ने, यो भएन, त्यो भएन भनि देखाउने गर्थे तर यसो गर उसो गरे कहिले भनेनन् भन्दै अर्कनाले आफूले त्यहाँ अनइजी फिल गरेका कारण सात महिनामै टिभी छाडेर हिडेको बताउनुभयो ।

यस्तै अवस्था भएको थियो न्युज २४ टीभीमा । बिहेअघि उहाँ न्युज २४ टिभीमा पनि कामका लागि जानुभएको थियो । तर मधेशी समुदाय त्यसमा पनि मुस्लिम समुदायका भएका कारण त्यही नजरले सबैले हेर्थे त्यहाँ । जस्तोसुकै मेहनत गरेर रिर्पोट बनाएर ल्याए पनि अनेक बहाना बनाएर त्यसलाई रिजेक्ट गर्थे । मधेशी, मुस्लिमको समाचार वा रिर्पोर्ट ल्याउँदा त्यसमाथि अनेक टिप्पणी हुन्थ्यो जसले अर्कणालाई दिक्क लाग्थ्यो । काम गर्ने माहोल नपाएर त्यहाँबाट पनि काम छाडेर उहाँ हिड्नुभएको थियो । अर्कना भन्नुहुन्छ, 'पत्रकारितामा काम त पाइन्छ तर पैसा दिँदैन, मलाई पत्रकारिताको नासा लागेको बेला मैले धेरै ठाउँमा बिना पैसाको काम गरे, कतिपय ठाउँमा त पैसा दिन्छु भनेर काम लगाए पनि दिएन त्यसमध्येको एउटा हेडलाइन एण्ड म्युजिक एफएम । त्यहाँ लामो समय काम गरे, भोजपुरी भाषामा समाचार पढे तर पैसा कहिले दिएन ।

अहिले पनि त्यो एफएममाथि थुप्रै पैसा बाँकी छ ।' पत्रकारिता गर्नका लागि उहाँले आरजेको तालिम लिनु भएको छ भने सञ्चारिक समूहदेखि मिडिया एक्सनलगायतले दिएका विभिन्न तालिम लिनुभएको छ । आर क्याम्पस पत्रकारिता लिएर पढाई पनि सुरु गर्नुभएको थियो तर लकडाउनका कारण त्यसलाई पनि उहाँले निरन्तरता दिन सक्नुभएको थिएन ।

अब बेरोजगार बस्छु तर बिना पैसा कुनै मिडियामा कम गर्दिन भन्नुहुन्छ अर्कना खातुन । उहाँले केही समय बानेश्वरको एउटा स्कुलमा पढाउनु पनि भयो । दिनभर पढाउनु हुन्थ्यो तर तलब एकदमै कम भएको कारण त्यहाँ पनि एक वर्ष मात्र काम गर्नुभयो र छाड्नुभयो । उहाँ आफ्नो जिविका चलाउन सानो सानो कामहरु गरिरहँदा पनि उहाँको लक्ष्य भनेकै पत्रकारिता हो । उहाँ भन्नुहुन्छ, अन्ततः म पत्रकारिता नै गर्छु, चाहे त्यसका लागि मलाई जति दिन कुर्नुपर्छ कुरौला ।'

## संकटमा मात्र...

पार्टीबाट अलग हुन आयोगमा लामो संघर्ष चलेको थियो । अन्ततः जसपाबाट अलग भएर महन्थ ठाकुरले लोसपा नेपाल गठन गर्नुभयो । महन्थ ठाकुरका थुप्रै नेता उपेन्द्र यादवकै साथमा रहनुभयो । उपेन्द्र यादवका पनि केही नेता महन्थ ठाकुरको साथमा आउनुभयो । २०७९ को आम चुनाव भयो । दुवै पार्टी अलग अलग गठबन्धनमा रहेर चुनावमा भाग लिए । लोसपाभन्दा जसपा बलियो भएर आयो । लोसपा राष्ट्रिय पार्टी पनि बन्न सकेन । तर उपेन्द्र यादव आफै सप्तरीमा डा.सिके राउतबाट चुनाव हार्नु भएको थियो । पछि अनेक दाउपेच लगाएर उहाँले बारा-२ मा उपनिर्वाचन गराएर त्यहाँबाट चुनाव जित्नुभयो ।

चुनाव जितेपछि उपेन्द्र यादव पार्टीको सरकारी यात्रा पुनः सुरुभयो । पहिलो चरणमा आफू सरकारमा जानु त भएन । तर दोस्रो चरणमा उहाँ आफै २०८० फागुन २७ गते उपप्रधान तथा स्वास्थ्य मन्त्रीमा सपथ लिनुभयो र सरकारमा सहभागी हुनुभयो । उहाँ सरकारमा सहाभगी भएपछि पार्टीमा खटपट सुरु भयो । पार्टीभित्र असन्तुष्टि बढ्दै गइरहेको थियो । उपेन्द्र यादव अमेरिकामा रहेको मौका छोपी अशोक राइको नेतृत्वमा २०८१ बैशाख २३ गते नयाँ पार्टी जसपा बन्यो ।

**बालुवाटारबाट सिधै महन्थ निवास**

उपेन्द्र यादव अमेरिकाबाट फर्केपछि जसपा नेपाल सँग्लो थिएन । उहाँ अमेरिकाबाट फर्केपछि तत्काल सरकार नछाड्ने अभिव्यक्ति दिनुभयो । र, बैशाख २६ गते प्रधानमन्त्री प्रचण्डसँग भेट्नुभयो । त्यो भेटबाट राम्रो संकेत नपाएपछि उहाँ बालुवाटारबाट सिधै लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई भेट्न उहाँको निवास पुग्नुभएको थियो । जहाँ उहाँले पार्टी एकताका लागि प्रस्ताव गर्नु भएको थियो । एकता नभए गठबन्धनसम्म गर्न प्रस्ताव गर्नुभएको थियो तर उपेन्द्र यादवको यस्तो बानीबाट आजित महन्थ ठाकुरले तत्कालै कुनै प्रतिकृया दिनु भएन र भन्नुभयो, 'देखतै हैं'

त्यसपछि उपेन्द्र यादव निरन्तर महन्थ ठाकुरको सम्पर्कमा रहनुभयो । महन्थ ठाकुरको लोसपा मधेश प्रदेशमा सरकार बनाउन निर्णयाक पार्टी थियो । जसलाई सहयोग गर्दा त्यसैको सरकार बन्ने अवस्था छ । किनभने उपेन्द्र यादवलाई माधवकुमार नेपालमाथि विश्वास छ । माधवकुमार नेपाल र शेरबहादुर देउवाको पार्टीले साथ दिने कुरामा उपेन्द्र यादव ढुक्क हुनुहुन्छ । आशंका महन्थ ठाकुरमाथि मात्र थियो । त्यही भएर उहाँलाई विश्वासमा लिने प्रयास गरिरहनु भएको छ । तर महन्थ ठाकुरले हालसम्म मधेश सरकारको बारेमा कुनै निर्णय लिइरहनु भएको छैन । तर उपेन्द्र यादवलाई विश्वास छ कि महन्थ ठाकुर नेतृत्वको लोसपाले मधेश प्रदशमा आफ्नो पार्टीलाई विश्वासको मत दिन्छ । उपेन्द्र यादवले जतिपटक विश्वास गर्नुभयो त्यतिपटक महन्थ ठाकुरले साथ दिनुभएको थियो । तर महन्थ ठाकुरले उपेन्द्र यादवबाट धोका पाउनु भएको लोसपाका नेताहरु बताउनुहुन्छ । मधेश प्रदेशमा जसपा नेपालको सरकार हुँदा लोसपाका नेताहरुलाई पटक पटक सरकारबाट बाहिर निकाल्नु, केन्द्रको सरकारमा सहभागी हुनबाट रोक्नु, मधेशमा लोसपा नेता तथा कार्यकर्तालाई आफ्नो पार्टीमा ल्याउनु जस्ता कार्य उपेन्द्र यादवले पटक पटक गर्नुभयो ।

तर महन्थ ठाकुर उपेन्द्र यादवसमक्ष पार्टी बचाई दिनु पर्‍यो, सरकारमा लिग दिनुपर्‍यो, मन्त्री बनाई दिनुपर्‍यो जस्ता कुरा लिएर कहिले जानुभएन । महन्थ ठाकुरमाथि पटक पटक प्रहार भयो । त्यही प्रहारको कारण पार्टी यो अवस्थामा पुगेको छ । पार्टी वा आफू जुनसुकै अवस्था तथा अप्ठ्यारोमा पुगे पनि महन्थ ठाकुर उपेन्द्र यादवसँग कहिले सहयोग माग्न जानु भएन तर महन्थ ठाकुरले पटक पटक साथ दिनुभएको छ ।


**बालबालिकाप्रति असल व्यवहार गरौं**

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार